
# लेखापरीक्षण प्रतिवेदन

## खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/17

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
खुम्बु पासाङल्हामु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सोलुखुम्वु।

**कैफियतसहितको राय**

हामीले **खुम्बु पासाङल्हामु गाउँपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.३ करोड ९५ लाख ५७ हजार सुत्रमा लेखाङ्कन गरेको छैन ।

२. गाउँपालिकाको रु.१ अर्व १२ करोड ४ लाख, ५७ हजार लेखापरीक्षण गरिएकोमा रू.२ करोड २७ लाख ४१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.७७ लाख ५२ हजारको प्रतिक्रियाबाट फस्योंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.२२ लाख ५८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१८ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७ लाख ७३ हजार र पेस्की बाँकी रु.१ लाख रहेको छ। गत वर्षसम्म रु.२४ करोड ११ लाख ५९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड ५३ लाख ८९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **खुम्बु पासाङल्हामु गाउँपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको

पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **खुम्बु पासाङल्हामु गाउँपालिका** व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभुत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६० | ९६ | २,२७,४१,२१४ | ० | ५७ | ७७,५१,९७५ | ० | ६० | ३९ | १,४९,८९,२३९ | २२,५८,१७३ | १,०७,७२,७१७ | १८,५८,३४९ | ० | ० | १,२६,३१,०६६ | १,००,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | २४,११,५९,००० | ० | ७,५९,२८५ | २४,०३,९९,७१५ | ० | १,४९,८९,२३९ | २५,५३,८८,९५४ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५६ | शिक्षकलाई स्थानीय भत्ता बढी भुक्तानी | ५,२३,७१२ |
| २ | २०८०/८१ | ५७ | विद्यालयको लेखापरीक्षण | १०,००० |
| ३ | २०८०/८१ | ७४.२ | लुक्ला कभर्डहल | ५५,२६८ |
| ४ | २०८०/८१ | ७९ | मुल्यअभिबृद्धि कर | ४,०५६ |
| ५ | २०८०/८१ | ४९ | भरपाई पेश | ४,५१,५४८ |
| ६ | २०८०/८१ | ७४.२/७५ | बढी भुक्तानी | ५९,२७९ |
| ७ | २०८०/८१ | ६१ | बढी पारिश्रमिक निकासा | ४,३३३ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ८६ | दैनिक भ्रमण भत्ता | ८,२५० |
| ९ | २०८०/८१ | ६० | चाडपर्ब खर्च भुक्तानी | ४३,६८९ |
| १० | २०८०/८१ | ७१.२ | डिम्मदोर्जे शेर्पा पर्यटन सडक | ४,२०,९५१ |
| ११ | २०८०/८१ | ८१ | खरिखोला खानेपानी आयोजना | ३६,९७,५१७ |
| १२ | २०८०/८१ | ५९ | कर्मचारीलाई स्थानीय भत्ता बढी भुक्तानी | ८८,८६० |
| १३ | २०८०/८१ | ५२ | अनुगमन खर्च | ७५,६५० |
| १४ | २०८०/८१ | ५१ | अग्रिक कर | ४,२८६ |
| १५ | २०७९/८० | ६३ | स्टीमेट भन्दा वढी खर्च | ६७,२०० |
| १६ | २०७९/८० | ५८ | वडा नं. ३ भवन निर्माण | ५,६४,२२५ |
| १७ | २०७९/८० | १०० | माग भन्दा बढी दिवा खाजा रकम निकासा | १,२७,८६० |
| १८ | २०८०/८१ | २७.१ | पेश्की | १९,५२,५०० |
| १९ | २०८०/८१ | २५ | धरौटी फिर्ता | ३,५२,०७६ |
| जम्मा | | | | ८५,११,२६० |

# (८०१०९५०१३०० - खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले खुम्बु पासाङल्हामु गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, १५३९.११ वर्ग किलोमिटर क्षेत्रफल तथा ९२१७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।२४ देखि २०८१।०६।०२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.१,१२,०४,५७,१०७।७३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१६,०००। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पर्यटन शुल्क असूल गरी दाखिला छुट भएको असूली भएको | १६०००.०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

१. पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन देहाय वमोजिम रहेको छ ।

(अनुसूचीमा संलग्न छ)

२. पालिकाको आर्थिक वर्ष २०८०।८१ को एकिकृत आर्थिक विवरण देहाय वमोजिम रहेको छ ।

| आय तर्फ | | | | व्यय तथा मौज्दात तर्फ | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | | रकम | सि.नं. | विवरण | | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ९४४४३०६३.८० | १ | चालु खर्च | | २२६३७९४०१.६८ |
| | क) सञ्चित कोष | ८४०४८९४५.३० | | | आन्तरिक | ६९१६७९०४.९५ | |
| | ख) धरौटी | ४००३२४३.०० | | | राजश्व बाँडफाँड | ५८२३३६८०.१७ | |
| | ग) विविध कोष | ७३१२३७.५० | | | विशेष अनुदान | ०.०० | |
| | घ) प्रकोप व्यवस्थापन कोष | १३३८९३.०० | | | प्रदेश समानिकरण अनुदान | ८२३१५५.०० | |
| | ङ) विविध खर्च खाता | ५५२५७४५.०० | | | समानिकरण अनुदान | ७३३४४५३.५० | |
| | ङ) फिर्ता गर्न बाँकी अनुदान | ०.०० | | | संघीय सशर्त अनुदान | ८९४४७७३३.०६ | |
| २ | राजश्व (आन्तरिक आय) राजश्व बाँडफाँड | | ३५५४२७१८३.६९ | | प्रदेश सशर्त अनुदान | १३७२४७५.०० | |
| | क) कर राजश्व | १४८८५२८६७.२४ | | २ | पुँजीगत खर्च | | २२९२७४८०७.७३ |
| | ख) राजश्व बाँडफाँड | २०६५७४३१६.४५ | | | आन्तरिक | ८७५९०१७०.७१ | |
| | ग) प्रदेश सवारी कर | ०.०० | | | राजश्व बाँडफाँड | ६०००३१५८.७७ | |
| | | | | | प्रदेश समानिकरण अनुदान | २००००००.०० | |
| ३ | वित्तीय हस्तान्तरण (संघीय सरकार) | | १९११८५८३९.०६ | | समपुरक अनुदान प्रदेश | ९७५००००.०० | |
| | क) समानिकरण अनुदान | ७९०५००००.०० | | | समानिकरण अनुदान | ४९०४३३७२.२५ | |
| | ख) सशर्त अनुदान | ९७८३७२९१.०६ | | | संघीय सशर्त अनुदान | ८३८९५५८.०० | |
| | ग) विशेष अनुदान | ६२९८५४८.०० | | | प्रदेश सशर्त अनुदान | ०.०० | |
| | घ) समपुरक अनुदान | ८००००००.०० | | | समपुरक अनुदान संघ | ८००००००.०० | |
| | | | | | विषेश अनुदान संघ | ६२९८५४८.०० | |
| | | | | ३ | वित्तीय व्यवस्था | | ०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ऋण भुक्तानी | ०.०० | |
| ४ | वित्तीय हस्तान्तरण (प्रदेश सरकार) | | १६२५९४७५.०० | | व्याज भुक्तानी | ०.०० | |
| | क) समानिकरण अनुदान | ५१३७०००.०० | | | अन्य भुक्तानी | ०.०० | |
| | ख) सशर्त अनुदान | १३७२४७५.०० | | | | | |
| | ग) विशेष अनुदान | ०.०० | | ४ | लगानी | | ०.०० |
| | घ) समपुरक अनुदान | ९७५००००.०० | | | ऋण लगानी | ०.०० | |
| | | | | ५ | विभिन्न कोषको खर्च | | ७१६२९६८.०० |
| ५ | वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह) | | ०.०० | | कर्मचारी कल्याण कोष वेरुजु दाखिला | २५०००००.०० | |
| | | | | | सडक वोर्ड नेपाल | ८७८४९५.०० | |
| | | | | | अपाङ्गता पुन स्थापना कार्यक्रम | १३७४९५८.०० | |
| | | | | | किसान साझेदारी कार्यक्रम | २६३२६५.०० | |
| | | | | | STLRP | २१४६२५०.०० | |
| | | | | | विविध कोष कर दाखिला | ०.०० | |
| ६ | अन्तर सरकारी अख्तियारी | | ३९५५६७५१.१२ | | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ३९५५६७५१.१२ | | ६ | धरौटी फिर्ता/ सदरस्याहा | | ९४०४४९.०० |
| | | | | | फिर्ता | ९४०४४९.०० | |
| | | | | | सर्शत अनुदान फिर्ता | ०.०० | |
| | | | | ७ | अन्तर सरकारी अख्तियारी | | ३९५५६७५१.१२ |
| | | | | | अन्तर सरकारी अख्तियारी | ३९५५६७५१.१२ | |
| | | | | | | | |
| ७ | विभिन्न कोष तर्फको आय | | १४७१३४८१.३३ | ८ | मौज्दात | | २०८२७१४१६.४७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) धरौटी | ६२८४७४०.३५ | | | क) सञ्चित कोष | १९१५१२४०४.५० | |
| | ख) विविध कोष | ०.०० | | | ख) धरौटी | ९३४७५३५.३५ | |
| | ग) प्रकोप व्यवस्थापन कोष | ०.०० | | | ग) विविध कोष | ३५१८२८८.६४ | |
| | घ) विविध खर्च खाता | २५०००००.०० | | | १ विविध खर्च खाता | ३६६३८१६.९८ | |
| | ङ) प्रदेश स्थानीय स्वायत्त शासन | ३८०९९९.९८ | | | २ गरिवी निवारण कोष | ०.०० | |
| | च) STLRP | २२०००००.०० | | | घ) प्रकोप व्यवस्थापन कोष | २२९३७२.०० | |
| | छ) सडक वोर्ड नेपाल | ८१७२२२.०० | | | ङ) फिर्ता गर्न बाँकी अनुदान | ०.०० | |
| | ज) लैङगीक हिंसा निवारण कोष | ५००००.०० | | | च) गरिव सँग विशेश्वर कार्यक्रम फिर्ता वाकी | ०.०० | |
| | झ) अपाङ्गता पुन स्थापना कार्यक्रम | १९९००००.०० | | | | | |
| | ट ) किसान साझेदारी कार्यक्रम | ४९०५१९.०० | | | | | |
| जम्मा | | | ७११५८५७९४.०० | जम्मा | | | ७११५८५७९४.०० |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३,९५,५६,७५१।१२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३ **फिर्ता गर्नु वाँकी रकम**

विनियोजन ऐन, २०८० को दफा ४ (१२) मा सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक बर्ष भित्र खर्च नभई वचत भएमा त्यस्तो वचत रकम सम्वन्धित प्रदेश तथा स्थानीय तहले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक बर्ष समाप्त भएको १५ दिन भित्र सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सशर्तबाट प्राप्त अनुदान रकम आर्थिक बर्ष भित्र खर्च नभई वचत भएको रु.१,३५,८३,०१६।९४ फिर्ता गर्नुपर्नेमा रु.१,३५,५२,२६६।९४ मात्र आर्थिक बर्ष भित्र फिर्ता गरेकोले रु.३०,७५०। फिर्ता गर्नु बाँकी देखिन्छ । उक्त रकम संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,७५० |

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल रहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापन तर्फ**

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकिकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण अभिलेख खाता राख्ने नगरेको,

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र लिने गरेको,

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार नगरेको,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको पूर्ण रुपमा कार्यान्वियन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• कतिपय गोश्वरा भौचर लगायतका कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणित नभएको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्योट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

अतः बजेट, आम्दानी, खर्च र सेवा प्रवाह सम्बन्धमा रहेका जोखिम नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ५ तलवी प्रतिवेदन

निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्वर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १३ कर्मचारीको रु.३९४४८७१।०० र पालिकाका २० कर्मचारीको रु.११३६२८६१।०० समेत रु.१५३०७७३२।०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## ६ नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था

स्थानीय सरकारको सर्वोच्च अंगको रुपमा रहेको सभाबाट पारित भएका बार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वयन हुनुपर्दछ ।यस पालिकाको गाउँसभाबाट आ.व.२०८०।८१ का लागि पारित भएका विभिन्न नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था अध्ययन तथा परीक्षण गर्दा अधिकांश नीति तथा कार्यक्रम कार्यन्वयनमा आएतापनि केहि नीति तथा कार्यक्रम आंशिक रुपमा र कतिपय नीति तथा कार्यक्रम कार्यान्वयनमानै आएको देखिएन। कार्यन्वयनमा नआएका नीति तथा कार्यक्रमका केहि उदाहरणहरु देहाय बमोजिम छन् :

कृषि खाद्य सुरक्षा तथा सिञ्चाईतर्फ

• उत्पादनोपरान्त क्षति न्यूनिकरण गर्न शित भन्डारण, सङ्कलन केन्द्र सहितको बजार व्यवस्थापन, प्रशोधन तथा विक्री केन्द्र स्थापना गर्न सहयोग उपलब्ध गराइनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• आलुबालीमा प्रकोपको रुपमा रहेको खुम्रे कीरा व्यवस्थापनको लागि जैविक विषादी उपलब्ध गराईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• माटो सुहाउँदो, हावापानीमा खेती गर्न सकिने विभिन्न बालीवस्तुको उत्पादन परीक्षण गरी धेरै बालीवस्तुको पहिचान गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

पशुपंक्षी विकासतर्फ

• पशुपालन व्यवसाय मार्फत किसानको आम्दानी अभिवृद्धि गर्न उन्नत नश्लको पशुहरूको उपलब्ध गराईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• सफा, स्वच्छ मासु तथा मासुजन्य पदार्थको सुनिश्चितताको प्रत्याभूति दिइने छ भनिएकोमा कार्यान्वियन नभएको ।

उद्योग व्यापार व्यवसायतर्फ

• पर्यटन व्यवसायमा गाउँपालिकावासीको सहभागिता वृद्धि गर्न पर्यटकको पथप्रदर्शक तालिम सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• लोपोन्मुख सँस्कृति रीतिरिवाज परम्पराको संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

भूमि ब्यवस्था सहकारी तथा वित्तिय व्यवस्थातर्फ

• जग्गाको नक्शा गाउँपालिकाबाटै उपलब्ध गराईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• सुरक्षित आवास, व्यवस्थित सुसाँस्कृतिक तथा वातावरण मैत्री योजनावद्ध पर्यटकीय बस्तीको प्रवर्द्धनका लागि नक्सा पास गरेर मात्र घर बनाउने नीतिलाई अनिवार्य गरिने नीति आंशिक रुपमा मात्र कार्यान्वियन भएको ।

• गाउँपालिका भित्र निर्माण सम्पन्न भएका घरहरूको अभिलेखीकरण गरिने नीति आंशिक रुपमा मात्र कार्यान्विय भएको ।

श्रम, रोजगारी तथा गरिवी निवारणतर्फ

• वैदेशिक रोजगारमा जाने सेवाग्राहीहरूलाई श्रम स्वीकृतिको सेवा उपलब्ध गराईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

जनस्वास्थ्य तथा पोषणतर्फ

• पाङबोचेमा चिकित्सक सहितको अस्पताल आगामी आर्थिक वर्षको प्रारम्भबाट नै सञ्चालन गरिनेछ। २४ सै घण्टा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको रुपमा विकास गरिनेछ। खरिखोलामा मा पालिका स्तरिय ५ बेडको अस्पताल निर्माण कार्य अघि बढाई सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• टेली मेडिसिन कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ । स्थानीय स्वास्थ्य सूचना प्रणालीलाई केन्द्रीय सूचना प्रणालीसंग आबद्ध गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• अस्पताल स्थापना भएका क्षेत्रहरू खुन्दे, जम्फुटे, लुक्ला र खरिखोलामा आकस्मिक अवस्थामा रगत आपूर्ती गर्न ब्लड ग्रुपिङ शिबिर सञ्चालन गरी अभिलेख राख्ने र आवश्यक परेको अवस्थामा आदन प्रदान गर्ने व्यवस्था मिलाईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

शिक्षा, कला भाषा साहित्यतर्फ

• विद्यालयलाई मर्ज, शिक्षक दरवन्दी मिलान तथा विद्यार्थी संख्या कम भएका कक्षा कटौती गर्दै लगिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• विद्यालयमा तारवारको व्यवस्था र विद्युतीय हाजिरी मेशिन जडान गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• शैक्षिक गुणस्तरमा एकरुपता ल्याउन पाठ्यपुस्तकमा एकरुपता ल्याइने छ भनिएकोमा कार्यान्वियन नभएको ।

• सिकाइमा विद्युतीय सामग्री तथा शैक्षिक एप्लिकेसन तयार र उपयोगलाई प्रभावकारी गराइनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• स्थानीय भाषा तथा संस्कृति र पर्यटनसँग जोडेर स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• प्राविधिक सीप तथा व्यवसायिक तालिम प्रदान गरी सीप र क्षमतालाई रोजगारी र पेशा व्यवसायसँग आबद्ध गरिनेछ । पाठयक्रम तर्जुमा गरी हाल फोर्चेमा सञ्चालित खुम्बु क्लाइम्बिङ सेन्टरलाई माउण्टेनेरिङ स्कूलको रुपमा विकास गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

खानेपानी सरसफाईतर्फ

• भारतीय दुतावास र यस गाउँपालिकाको संयुक्त लगानीमा खुम्जुङ खुन्दे ढल निकास योजना सम्पन्न गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• सार्वजानिक क्षेत्रमा शौचालयको व्यवस्था, टोल टोलमा आवश्यकता अनुसार ढल व्यवस्थापन, फोहोर पानी प्रशोधनको व्यवस्था गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• प्लास्टिकजन्य फोहोर व्यवस्थापन गर्न प्लास्टिक उपयोग कम गर्न उपभोक्ता सचेतना अभियान सञ्चालन सहित फाइवर झोला निर्माण र उपयोगलाई प्रोत्साहन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• ढल खोलामा मिसाउने अभ्यासलाई निषेध गरी यस खालको अभ्यास रहेका घरपरिवारमा सेफ्टिट्याङक निर्माणलाई सहयोग उपलब्ध गराइनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

पूर्वाधार विकास क्षेत्रतर्फ

• साँस्कृतिक पहिचान झल्काउने घर निर्माणमा स्थानीयलाई प्रोत्साहन गरिनेछ । भु उपयोग योजना अनुसार आवासीय क्षेत्रमा आवश्यक पूर्वाधार विकास तथा हिमाली शहर विकास गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• सगरमाथा पदमार्गमा पर्ने थुक्ला झोलुङ्गे पुललाई समयमै सम्पन्न गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• विद्युतीय सवारी साधन लगायत पर्यावरणमैत्री यातायात सञ्चालनको लागि आवश्यक पूर्वाधार विकास गरी पर्यावरणमैत्री यातायत सञ्चालनलाई प्रोत्साहन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशीलतातर्फ

• जलवायु परिवर्तनले हिमाल तथा हिमतालहरूमा पुर्याईरहेको असरलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ गर्न राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा जलवायु परिवर्तनको विषयमा संवाद कार्यक्रम सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• समुदायमा आधारित जलवायु अनुकुलन योजना तर्जुमा गरी लागू गरिनेछ । जलवायु अनुकुलनका लागि समुदायमा परम्परागत सीप, ज्ञान र प्रविधिलाई प्रयोग गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

राजस्व तथा स्रोत परिचालनतर्फ

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, खरीद, राजस्व परिचालन, प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धि आवश्यक कानून बनाई कार्यान्वियन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• संविधान, ऐन र कानून सम्बन्धी ज्ञान तथा नयाँ प्रविधिहरूको प्रयोग गर्न योग्य बनाउन गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधिहरूलाई आवश्यक कानूनी सचेतना एवं क्षमता अभिवृद्धि तालिमको व्यवस्था मिलाईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

तथ्याङ्क, योजना तथा विकास व्यवस्थापनतर्फ

• गाउँपालिका र वडा कार्यालयबाट हुने सेवा प्रवाहलाई सुलभ, सहज र प्रभावकारी बनाउन इ–गभरनेन्स लागू गरी जन्म, विवाह, मृत्यु दर्ता, तिरो र कर भुक्तानी लगायतका कार्यहरू घरबाटै गर्न सक्ने गरी व्यवस्था मिलाईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

७ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

८ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२२ करोड २९ लाख ७५ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## ९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नु पर्दछ ।

## १० बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ११ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.६२ करोड ८० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## १२ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १५१ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं | कार्यक्रमको नाम | योजना संख्या | रु.२० लाख भन्दा वढीका योजना संख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना संख्या | रु.५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरिय | ४८ | २१ | १९ | ८ |
| २ | वडास्तरिय | १०३ | १६ | ५६ | ३१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ११६ योजनामात्र कार्यान्वयन भई ३५ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५५०४६ | २९६६९ | ६.५१ |
| २ | पूर्वाधार विकास | १९५३४० | १२१७२४ | २६.७१ |
| ३ | सामाजिक विकास | २६७०८१ | २०४०४५ | ४४.७८ |
| ४ | सुशासन तथा अन्तर्सम्वन्धित क्षेत्र | ५२३६३ | २७९४२ | ६.१३ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ११३७६७ | ७२२७४ | १५.८७ |
| जम्मा | | ६०३५९७ | ४५५६५४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४४.७८ प्रतिशत र सुशासन तथा अन्तर्सम्वन्धित क्षेत्रमा सबै भन्दा घटीमा ६.१३ प्रतिशत रहेको छ ।

## १४ खर्चको विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.१४ करोड ८८ लाख ५३ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.२० करोड ७४ लाख ४५ हजार समेत रु.३५ करोड ६२ लाख ९८ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२२ करोड ६३ लाख ७९ हजार र पूँजिगत तर्फ रु.२२ करोड ९२ लाख ७५ हजार गरी जम्मा रु.४५ करोड ५६ लाख ५४ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३२.६७ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.५१ लाख ६३ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३.४७ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४४.८१ प्रतिशत चालु र ४५.३८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनु पर्दछ ।

## १५ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २२९२७५ | ५५०३ | २०५२७ | ५१२९५ | १५१९५० | ११०५३८ |
| प्रतिशत | १०० | २.४ | ८.९६ | २२.३७ | ६६.२७ | ४८.२१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२२ करोड ९२ लाख ७५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.५५ लाख ३ हजार (२.४० प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ५ लाख २७ हजार (८.९६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५ करोड १२ लाख ९५ हजार (२२.३७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१५ करोड १९ लाख ५० हजार खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.११ करोड ५ लाख ३८ हजार (४८.२१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ ।

१६ **लक्ष्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला◌ेइ जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १५१ | ३५ | १ | ७ | १४ |

उल्लेखित विवरणबाट पूँजीगत कार्यक्रमतर्फ ३५ मा शुन्य प्रगित, १ मा २५ प्रतिशत भन्दा कम, ७ मा ५० प्रतिशत भन्दा कम र १४ मा ७५ प्रतिशत भन्दा कम प्रगित भएको देखिन्छ ।लक्ष्य निर्धारण भईसकेको कार्यक्रमहरु तोकिएको समयमा पुरा गरी प्रगति हाँसिल गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

१७ **सेवा प्रवाह**

पालिकाको मुख्य उद्देश्य हाँसिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलव्ध गराउनु कार्यालयको प्रमुख दायित्व हो । पालिकाले यस बर्ष आर्थिक, सामाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ देहाय वमोजिमको सेवा प्रवाह गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरिय एवं प्रभावकारी वनाउने तर्फ ध्यान दिनु पर्दछ ।

| सि.नं | सेवाको किसिम | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | २३२ |
| २ | घरबाटो सिफारिस | ५७५ |
| ३ | नाता प्रमाणीत | १८० |
| ४ | जन्म र मृत्यू दर्ता | ६११ |
| ५ | अन्य | ७६५ |

१८ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेपरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ रहेकोमा यो बर्ष दर्ता भएका ३ विवाद मध्ये २ विवाद फर्स्यौट भएको र २ विवाद फर्स्यौट हुन बाँकी देखिन्छ। पालिकाले सबै विवादहरु समयमै फर्स्यौट गर्नुपर्दछ ।

१९ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ ऐन, ९ नियमावली, ३३ कार्यविधि, २ निर्देशिका तथा ४ नर्म्स लगायत ७४ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवस्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२० **पद पूर्ति अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ दरवन्दी संरचना प्रस्ताव गरी प्रदेशमा पठाएको छ।हाल साविकमा संघिय तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको संगठन संरचना अनुसारकै दरवन्दी कायम छ ।प्रमुख

प्रशासकीय अधिकृत सहित ५० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ईन्जिनियर १, शिक्षा अधिकृत १, सूचना प्रविधि अधिकृत १, आन्तरिक लेखापरीक्षक १, लेखापाल १, हेल्थ असिस्टेन्ट १, राजश्व संकलक ५, अमिन १, वडा सचिव ३, सव. ई. १, अ. स. ई. १, सहित २० पदहरु रिक्त रहेको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा समेत असर परेको स्थिति देखिन्छ । तसर्थ रिक्त पदहरु प्रदेश लोकसेवाबाट समयमै पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२१ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले २०७६ श्रावणपछि नियुक्त कर्मचारीको हकमा निजको तलवबाट ६ प्रतिशत कट्टा गरी सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरेतापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकाश कोषमा जम्मा गर्ने गरेको पाइएन।पालिकाले कर्मचारी कल्याण कोष कार्यविधि तयार गरी यस वर्ष गाउँपालिका चालु शिर्षकबाट कर्मचारी कल्याण कोषमा रु.२५०००००।०० ट्रान्सफर गरेको पाइयो । पालिकाले एकमुष्ठ रकम कोषमा जम्मा गरेतापनि कर्मचारीबाट कट्टा गर्नुपर्ने रकम कट्टा गरेको देखिएन। साथै जम्मा गरेको रकम परिचालन गरी कोष वृद्धि सम्बन्धि व्यवस्था गरेको देखिएन । अतः कोषमा कर्मचारीको समेत योगदान हुनेगरी कोष परिचालन सम्बन्धि व्यवस्था मिलाउनु पर्दछ।

२२ **जिन्सी व्यवस्थापनः**

२२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४,९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने तथा प्रतिवेदनमा उल्लेखित सामानमध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र गरिसक्नु पर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त २०८१।०४।३० गतेको जिन्सी निरिक्षण प्रतिवेदन अनुसार पालिका र अन्तर्गतका शाखा तथा वडा कार्यालयहरुमा ११६ प्रकारका जिन्सी मालसामान रहको देखिन्छ । सो मध्ये डेक्सटप कम्प्यूटर ५ थान मर्मत र ६ थान लिलाम गर्नुपर्ने, ल्यापटप २ थान मर्मत र ५ थान लिलाम गर्नुपर्ने, ट्यावलेट २ थान मर्मत र ३ थान लिलाम गर्नपर्ने, प्रिन्टर ५ थान मर्मत र २० थान लिलाम गर्नुपर्ने, प्रोजेक्टर १ थान मर्मत र २ थान लिलाम गर्नुपर्ने लगायतका विभिन्न कैफियत देखाइएको छ । कानुनमा भएको व्यवस्था अनुसार मर्मत संभार तथा लिलाम गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदन सम्बन्धमा देखिएका थप व्यहोरा देहाय बमोजिम छन ।

२२.२ जिन्सी निरीक्षण प्रतिवेदनमा पालिकामा भएका तथा वडा कार्यालयहरुमा रहेका सामान छुट्याई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा के कति जिन्सी मालसामान रहेका छन् एकिन हुन सकेन। जिन्सी मालसामानको उचित व्यवस्थापनका लागि पालिका तथा वडागत रुपमा रहेका सामानको विवरण तयार गर्नुपर्दछ ।

२२.३ जिन्सी निरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरु जस्तै- गाउँपालिकाको जिन्सी शाखाबाट विभिन्न शाखा, वडा कार्यालय र अन्य संस्थामा गएका जिन्सी मालसामानको स्पष्ट विवरण नराखेको, खप्ने र नखप्ने जिन्सी सामानको बर्गिकरणमा अन्यौलता रहेको, जिन्सिमा भएको सबै सामानको सपेशिफिकेसन सहितको अभिलेख कायम नगरिएको लगायत रहेका छन् भने सुझब अन्तर्गत खरिद गुरुयोजना, खरिद योजना तथा बार्षिक कार्ययोजना बनाई खरिद समिति मार्फत खरिद प्रक्रियालाई व्यवस्थित बनाउनुपर्ने, वडा कार्यालयहरुले जिन्सी सामान खरिद गर्दा सोको खभिलेख राखि केन्द्रीय जिन्सी शाखामा जानकारी गराउनु पर्ने, प्रत्येक शाखा वा वडा अन्तर्गतका कार्यालयहरुले आन्तरिक जिन्सी खाता राख्नुपर्ने, जिन्सी शाखा प्रमुख सरुवा हुँदा, अनिबार्य रुपमा सम्पूर्ण मालसमानहरुको बरबुझारथ हुनुपर्ने लगायतका १६ वटा सुझाव दिएको छ । जिन्सी निरीक्षण समितिले देखाएका कैफियत तथा दिइएका सुझावहरु उपर पालिकाले गहन अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## २३ वितरणमुखी कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल गर्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने उपयोगिता सिर्जना हुने लगायतका योजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका देहायका कार्यक्रमबाट खासै प्रतिफल प्राप्त नहुने तथा वितरणमुखी जस्तो देखिएको साथै यसबाट जनताको जीवनस्तर आम्दानी र रोजगारी बृद्धिमा खासै योगदान नपुग्ने भएकोले यस प्रकारका कार्यक्रमहरुमा मितव्ययिता अपनाउदै यस्ता खर्चमा नियन्त्रण गरीनु पर्दछ।

| गो भौ नं | कर्यक्रमको विवरण | भुक्तानी पाउने संस्था | भुक्तानी रकम |
|---|---|---|---|
| २६१।०८०।१२।१५ | अन्तर्राष्ट्रिय नारी दिवस | पासाङल्हामु महिला समिति | ५५५००० |
| ३६२।०८१।२।१८ | विधालयको रजत महोत्सव | पेमा छोलिङ आधारभुत विधालय | ५००००० |

## २४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवस्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कार्वाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यो वर्षको खर्च तथा आम्दानीका कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । कार्यालयमा आन्तरिक लेखापरीक्षकको दरबन्दी भएपनि पदपूर्ति भएको देखिएन। पालिकाले आन्तरिक लेखापरीक्षकको दरबन्दी अनुसार पदपूर्ति गरी कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## २५ धरौटी फिर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२ ) मा निर्माण लगायत खरिद कार्यको बिल भुक्तानी गर्दा भुक्तानी गरिएको रिटेन्सन मनी फिर्ता गर्दा पालना गर्नुपर्ने सर्तहरु तोकिएका छन । आन्तरिक राजस्व विभागको परिपत्र अनुसार सम्बन्धित वर्षको कर चुक्ता प्रमाणको अतिरिक्त मूल्य अभिवृद्धि कर समायोजन पत्र समेतका आधारमा धरौटी फिर्ता गर्ने व्यवस्था छ। पालिकाले देहाय वमोजिमका निर्माण व्यावसायीको धरौटी फिर्ता गर्दा करचुक्ता प्रमाणपत्र मात्र समावेश गरेको छ । मूल्य अभिवृद्धि कर समायोजन प्रमाणपत्र पेश नभएकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| सि. न . | निर्माण व्यवसायिको नाम | आ. व . | फिर्ता रकम ( रु .) |
|---|---|---|---|
| १ | एन एस कन्स्ट्रक्सन | २०७९।८० | ४३४९५ |
| २ | सिर्जनसिल इन्जिनियरीङ्ग कन्स्ट्रक्सन | ०७९।८० | ३२१८७ |
| ३ | एम के निर्माण सेवा | ०७९।८० | ४३३३३ |
| ४ | माउन्टेन शेर्पा कन्स्ट्रकसन | ०७८।७९ | ६०००० |
| | जम्मा | | १७९०१५ |

(

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **२२०,३२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **४४,०५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **४४,०६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **४३,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७९,०१५ |

२६ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत शीर्षकमा रु. २ करोड ३० लाख ५७ हजार र चालु शीर्षकमा रु. ३ करोड ३ लाख १८ हजार समेत रु. ५ करोड ३३ लाख ७५ हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेटको तुलनामा ८.४८ प्रतिशत हुन आउँछ । रकमान्तर पश्चात पनि ल्याण्ड पुलिङ्ग चौरीखर्क मुसे योजना रु. १० लाख, ङिमादोर्जी शेर्पा पर्यटन सडकको भष्मेखण्डमा ट्र्याक ओपन रु. २३ लाख, हिमालय आधारभूत विद्यालयको स्टेज निर्माण रु. ५ लाख खर्च गरेको छैन । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

२७ **पेश्की**

२७.१ **म्याद नाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले देहाय बमोजिम दाकिमा शेर्पालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.१,००,०००। बाँकी रहेकोले नियमानुसार फर्स्यौट गर्नुपर्ने रु......

| भौ.नं/मिति | विवरण | पेश्की लिने कर्मचारी/ संस्था | म्याद नाघेको पेश्की |
|---|---|---|---|
| १५७-२०८१।०३।०५ | विपद व्यावस्थापन कोष | दाकिमा शेर्पा | १००००० |
| | जम्मा | | १००००० |

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-७** को निर्णयले रू **१८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-११** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-११** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **१,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **३७२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | १,००,००० |

२७.२ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यसवर्ष

देहायको संस्थालाई रु.२५००००००।०० पेश्की दिएको देखिन्छ। ठेक्का सम्झौताको म्याद कायम रहेको पेश्की रु.२५,००,०००।०० आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| भौ.नं/मिति | विवरण | पेश्की लिने कर्मचारी/ संस्था | म्याद ननाघेको पेश्की |
|---|---|---|---|
| ६२-२०८०।१०।०४ | डिम्मदोर्जे शेर्पा पर्यटन सडकको ट्र्याक ओपन | विरुवा -ए.डि.जे.भि. | २५००००० |
| | जम्मा | | २५००००० |

## २८ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १९११८६ | १४८८५३ | ७७.८५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७७.८५ प्रतिशत रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई अझ फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २९ आन्तरिक राजस्व प्रक्षेपण तथा असूली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५,५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, भूमिकर (मालपोत), घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको आ.ब. २०७९।८० र २०८०।८१ को आन्तरिक राजस्वको प्रक्षेपण तथा असुलीको अवस्था देहाय बमोजिम रहेको छ ।

| खुम्वु पासाङल्हामु गाँउपालिकाको आ व ०७९।८० र ०८०।०८१ को आन्तरीक राजश्व प्रक्षेपण तथा असुली विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | राजश्व संकेत | क्र.स | आम्दानी शिर्षक | आ व ०७९।०८० | | | आ व ०८०।०८१ | | |
| | | | | प्रक्षेपण | असुली | असुली प्रतिशत | प्रक्षेपण | असुली | असुली प्रतिशत |
| १ | ११३१३ | १ | भुमिकर/मालपोत | ४००००० | १३०६८५० | ३२७ | १०००००० | १५३२९८ | १५ |
| २ | ११३१४ | २ | वहाल कर | ४००००० | २२४२६१२ | ५६१ | १५००००० | १८४७४४० | १२३ |
| ३ | ११३१५ | ३ | सवारी साधन कर (साना सवारी) | | | | ० | ० | |
| ४ | ११३१७ | ४ | अन्य मनोरञ्जन कर | | | | ० | ० | |
| ५ | ११४५१ | ५ | व्यवसायले भुक्तानी गर्ने | ९००००० | ३५०००५० | ३८९ | १५०००० | ० | ० |
| ६ | ११४७९ | ६ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | | | २००० | ० | ० |
| ७ | ११६११ | ७ | अन्य कर | | | | १०००० | १७३८७७४ | १७३८८ |
| ८ | ११६३१ | ८ | पर्यटन शुल्क | १००५६८००० | १०३६५२००० | १०३ | १०१०००००० | ११०८८४००० | ११० |
| ९ | ११६९१ | ९ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | | | | १५०० | ० | ० |
| १० | १३४११ | १० | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | | | ५००००० | ० | ० |
| ११ | १४१९१ | ११ | अन्य बिक्रीबाट प्राप्त रकम | | | | ० | ५५१००० | |
| १२ | १४२११ | १२ | अन्य सेवा शुल्क तथा बिक्री | | | | ० | ८३२०६९ | |
| १३ | १४२१२ | १३ | परीक्षा शुल्क | २००० | ९२३९० | ४६१९ | १०००० | १५०० | १५ |
| १४ | १४२१३ | १४ | अन्य प्रशासनिक सेवा शुल्क | ३०००० | ५२४५६६ | १७४९ | ८००००० | ३००० | ० |
| १५ | १४२१९ | १५ | नक्सापास दस्तुर | १००००० | ० | ० | १००००० | १५७७२९ | १५८ |
| १६ | १४२२४ | १६ | सिफारिश दस्तुर | ५१६४८ | १६९४४३४ | ३२८१ | ५००००० | १८००८६ | ३६ |
| १७ | १४२२९ | १७ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | ६०००० | ० | ० |
| १८ | १४२४२ | १८ | नाता प्रमाणित दस्तुर | १८०००० | २३३४६३ | १३० | ६०००० | १७४०० | २९ |
| १९ | १४२४३ | १९ | अन्य दस्तुर | ९६०००० | ५२००९२ | ५४ | १३००००० | १३७३०००१ | १०५६ |
| २० | १४२४४ | २० | व्यावसाय रजिष्ट्रेशन दस्तुर | | | | १८००००० | १८५९५० | १० |
| २१ | १४२४५ | २१ | अन्य क्षेत्रको आय | ० | १५५६०२५८ | | ० | ८२७५६५१ | |
| २२ | १४२४९ | २२ | धरौटी सदरस्याहा | | | | २००००० | ० | ० |
| २३ | १४२५३ | २३ | अन्य राजस्व | १३७००००० | ५९११२८९ | ४३ | ५६३०००० | ६६३०२९७ | ११८ |
| २४ | १४२६५ | २४ | व्यवसाय कर | | | | ५०००० | ३४९०० | ७० |
| २५ | १४३१३ | २५ | बेरूजू | | | | २३००००० | ४१९१७७२ | १८२ |
| २६ | १४५२९ | २६ | निकासा फिर्ता | | | | ० | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | | | ११७२९१६४८ | १३५२३८००४ | ११५ | ११६९७३५०० | १४९४१४८६७ | १२८ |

उपर्युक्त विवरण अनुसार पालिकाले आ. व. २०७९।८० मा रू.११ करोड ७३ लाख आन्तरिक राजस्व प्रक्षेपण गरेकोमा रू. १३ करोड ५२ लाख (११५.२६ प्रतिशत) असुली गरेको देखिन्छ भने आ. व. २०८०।८१ मा रू. ११ करोड ७० लाख प्रक्षेपण गरेकोमा रू.१४ करोड ९४ लाख (१२७.६९ प्रतिशत) असुली भएको देखिन्छ । आन्तरिक राजस्व प्रक्षेपण गर्दा गत वर्षको राजस्व असुलीलाई समेत आधार लिई गतबर्ष भन्दा १० प्रतिशत बढाई प्रक्षेपण गर्नुपर्नेमा गतवर्षको असुली भन्दापनि घटी हुनेगरी प्रक्षेपण गर्नु उचित देखिएन । आ. व. २०८०।८१ मा नक्सा पास दस्तुर रू. १ लाख अनुमान गरेकोमा रू. १ लाख ५८ हजार (१५७.७३ प्रतिशत), वहाल कर १५ लाख अनुमान गरेकोमा रू. १८ लाख ४७ हजार (१२३.१६ प्रतिशत), अन्य राजस्व रू. ५६ लाख ३० हजार अनुमान गरेकोमा रू. ६६ लाख ३० हाजार (११७.७७ प्रतिशत), पर्यटन शुल्क रू. १० करोड १० लाख अनुमान गरेकोमा रू. ११ करोड ९ लाख (१०९.७९ प्रतिशत) असुल भएको देखिन्छ भने अन्य प्रशासनिक सेवाशुल्क रू. ८ लाख अनुमान गरेकोमा रू. ३ हजार (०.३८ प्रतिशत), व्यावसायिक रजिष्ट्रेशन दस्तुर रू. १८ लाख अनुमान गरेकोमा रू. १लाख ८६ हजार (१०.३३ प्रतिशत), भूमिकर मालपोत रू. १० लाख अनुमान गरेकोमा रू. १ लाख ५३ हजार (१५.३३ प्रतिशत) असुल भएको छ । त्यसैगरी ङिमादोर्जी शेर्पा पर्यटन सडक निर्माणका लागि सिल्क पावर कम्पनी प्रा. लि. बाट प्राप्त रू. ८२ लाख ७५ हजार अन्य क्षेत्रको आयमा, सोहि सडकका लागि सगरमाथा हाइड्रोबाट प्राप्त रू. ७९ लाख ८५ हजार अन्य दस्तुर शीर्षकमा तथा वडा कार्यालय निर्माणका लागि जि.स.स.बाट प्रप्त रू. ४७ लाख ३३ हजार अन्य राजस्व शीर्षकमा दाखिला गरेको देखिएकोले पालिकाको राजस्व प्रक्षेपण तथा असुली यथार्थ परक देखिएन । त्यसैगरी पालिकाले पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नगरेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थपरक मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुका साथै राजस्व प्रक्षेपण गर्दा यथार्थपरक हुनेगरी राजस्व शीर्षक अनुसार प्रक्षेपण गरी असुली गर्नेतर्फ विशेष पहल गर्नुपर्दछ।

३० **राजस्व सुधार कार्ययोजना**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका तथा नगरपालिकको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ तयार गरेको छ । प्रत्येक पालिकाले उक्त दिग्दर्शनलाई आधार लिई पालिकाको आन्तरिक राजस्व सुधार गरी आन्तरिक आय बृद्धिका लागि राजस्व सुधार कार्ययोजना बनाई लागु गर्नुपर्नेमा यस पालिकाले हालसम्म उक्त कार्ययोजना बनाएको छैन । स्थानीय तहको राजस्व सुधारका लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

३१ **हेलिकप्टरको व्यावसाय दर्ता शुल्क**

यस पालिकाको आर्थिक ऐन, २०८० को दफा ६ मा गाउँपालिकाको क्षेत्रभित्र व्यापार व्यावसाय वा सेवामा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने तथा असुल गरिने व्यवस्था छ । जस अनुसार अनुसूची (४) मा हेलिकप्टर कम्पनिले व्यावसाय दर्ता वापत वार्षिक रु.२०००००।०० बुझाउनु पर्ने उल्लेख छ । त्यसैगरी अनुसूची (४) मा तोकिएको समयमा दर्ता तथा नविकरण नगरेमा थप दस्तुरको समेत व्यवस्था छ। पालिका अन्तर्गत देहाय बमोजमका हेलिकप्टर कम्पनीहरुले व्यवसाय संचालन गरेकोमा सिम्रिक एयर र मनाङ एयरले मात्र आ.व. २०७९।८० सम्मको रु. ८,००,०००।०० का दरले रु.१६,००,०००।०० दाखिला गरेको र बाँकी एयरलायन्सले देहाय बमोजिम व्यवसाय दर्ता शुल्क बुझाएको पाइएन । यसरी समयमा शुल्क नबुझाउने हेलिकप्टर कम्पनीहरुलाई ऐनमा भएको व्यवस्था अनुसार विगत आ.व. को बुझाउन बाँकी तथा यस आ.व. को रकममा थप दस्तुर समेत लगाई असुल गर्नुपर्ने रु.

| क्र. स | हेलिकप्टर कम्पनिको नाम | आ. व . २०७९।८० सम्मको बाँकी | आ. व . २०८०।८१ को बाँकी |
|---|---|---|---|
| १ | मनाङ एयर | ० | २००००० |
| २ | सिम्रिक एयर | ० | २००००० |
| ३ | कैलाश एयर | ८००००० | २००००० |
| ४ | अल्टिच्यूट एयर | ८००००० | २००००० |
| ५ | फिस्टेल एयर | ८००००० | २००००० |
| ६ | मुस्ताङ एयर | ८००००० | २००००० |
| ७ | प्रभु एयर | ८००००० | २००००० |
| ८ | श्री एयरलाइन्स | ८००००० | २००००० |
| ९ | हेलि एभरेस्ट | ८००००० | २००००० |
| १० | माउन्टेन हेलि | ८००००० | २००००० |
| ११ | एयर डाइनेस्टी | ८००००० | २००००० |
| | जम्मा | ७२०००००० | २२०००००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,००,००० |

३२ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था छ । त्यसै गरी यस पालिकाको आर्थिक ऐन, २०८० को दफा ६ मा गाउँपालिकाको क्षेत्रभित्र व्यापार व्यावसाय वा सेवामा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने व्यवस्था छ ।यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन दस्तुर वापत रु.१,८५,९५०।०० तथा व्यवसाय कर वापत रु.३४,९००।०० कर संकलन गरेको विवरण पेश गरेको छ ।पालिका क्षेत्रभित्र विभिन्न स्तरका लज, स्टार होटल, होमस्टे, किराना पसल, मदिराजन्य पसल, कपडा पसल लगायतका विभिन्न व्यवसाय गर्ने व्यवसायीहरु रहेतापनि पालिकाले ती व्यवसायीहरुको अभिलेख व्यवस्थित गरी के कति करदाताले समयमा कर तिरे, के कतिले कहिले देखि कर तिरेका छैनन् भन्ने सम्बन्धमा स्पष्ट खुल्ने गरी अभिलेख व्यवस्थित गरेको छैन । व्यवसायीहरुले कर बुझाउन आएमा मात्र कर उठाउने तर कर तिर्न नआउनेहरुलाई कर तिर्न ताकेता गरी कर उठाउने गरेको देखिएन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सकिने अवस्था देखिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीहरुको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याएर व्यवसाय कर असुल गर्नुपर्दछ ।

३३ **स्थानीय सामाग्री उत्खनन् र विक्री**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । यस सम्बन्धमा गत वर्षको प्रतिबेदनमा समेत व्यहोरा औंल्याइएकोमा सुधार भएको देखिएन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुङ्गा, गिट्टी, बालुवा

एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन्, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनु पर्ने देखियो ।

### ३४ सामुदायिक वनबाट आय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका ११ सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।यस सम्बन्धमा गत वर्षको प्रतिबेदनमा समेत व्यहोरा औंल्याइएकोमा सुधार भएको देखिएन । अतः पालिकाले ऐनमा भएको व्यबस्थाको कार्यान्वियन गर्नुपर्दछ ।

### ३५ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले विभिन्न पदमा ४४ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. १९८२९८३५/- खर्च लेखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक अधिकृत छैटौ १, साहयक पाचौ ५ समेत ६ कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.२९१९८७७ /- भुक्तानी गरेको छ।यस सम्बन्धमा छलफल गर्दा साहयक पाचौं शुल्क संकलक सेवा करार तर्फको दरवन्दी रहेको र वातावरण अधिकृत १ स्वीकृत दरवन्दी भित्र रहेकोमा उक्त पदको प्रदेश लोक सेवाले पाठ्यक्रम तयार नगरेकोले करारमा राख्नु परेको पालिकाको भनाई रहेको छ ।

### ३६ प्रोत्साहन भत्ता

स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुबिधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने र ८६(२ ) बमोजिम स्थानिय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। पालिकाले कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता कार्यविधि,२०७९ पारित गरी लागु गरेको छ। सोहि कार्यविधिमा भएको व्यवस्था बमोजिम सभाद्धारा बजेट स्वीकृत गराई कर्मचारीहरुको हाजिरीलाई मुख्य आधार लिएर विभिन्न सूचकको मूल्याङ्कन गरी अङ्क प्रदान गरेको आधारमा कुल हाजिरी भएको दिनको मासिक तलवको ४० देखि ६५ प्रतिशतसम्म रकम प्रोत्साहन वापत आन्तरिक आय शीर्षकबाट यस वर्ष रु.४८९०२२३।०० खर्च भुक्तानी गरेको छ । पालिकाले प्रोत्साहन भत्ता वितरण गर्दा बिद्युतिय हाजिरी प्रमाणित एवं कार्य विवरणका आधारमा वितरण गरी यस्तो खर्चमा नियन्त्रण समेत हुनुपर्दछ ।

### ३७ पदाधिकारी पोशाक

गाउँ तथा नगर सभाका सदस्यहरुको सुबिधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा गाउँपालिका अध्यक्ष उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूचि १ (क) मा उल्लेख भएबमोजिमको सुबिधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजिमको सुविधा पाउने व्यवस्था छ। पालिकाले उपरोक्त सुविधाका अतिरिक्त गो भौ नं ४८१।०८१।३।१७ बाट जनप्रतिनिधिलाई पोशाकमा रु.३३०६९९।४५ र व्याग खरिदमा रु.२३३५३८।१२ गरी जम्मा रु.५६४२३७।५७ आन्तरिक आय शिर्षकबाट खर्च भुक्तानी गरेको छ। जनप्रतिनिधिमध्ये १२ जनालाई व्याग र २२ जनाले पोशाक खर्च लिएको देखिन्छ। यस विषयमा पालिकासंग छलफल गर्दा चिसो मौसमका कारण न्यानो पोशाक र फिल्डमा जानलाई ब्याग आवस्यक भएकोले खरिद गरी विल भुक्तानी गरेको भनाइ रहेको छ । यसरी कानूनमा व्यवस्था नभई पोशाक खर्च भुक्तानी गर्न मिल्ने देखिदैन ।

### ३८ पदाधिकारीको अनुगमन भत्ता

गाउँ तथा नगर सभाका सदस्यहरुको सुबिधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा गाउँपालिका अध्यक्ष उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूचि १ (क) मा पालिका अध्यक्षले रु.१०,०००।०० उपाध्यक्षले रु.१०,०००।०० अध्यक्षले रु.४,०००।०० र कार्यपालिका सदस्यले रु.२,०००।०० मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ। अनुसूचिको द्रष्टव्यमा गाउँपालिकाका पदाधिकारीले मासिक रुपमा अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था गरेकोमा सो अनुसार अनुगमन प्रतिवेदन पेश नभएको रु.

| पद | संख्या | मासिक अनुगमन भत्ता दर | जम्मा महिना | भुक्तानी रकम |
|---|---|---|---|---|
| अध्यक्ष | १ | १०००० | १२ | १२०००० |
| उपाध्यक्ष | १ | १०००० | १२ | १२०००० |
| वडा अध्यक्ष | ५ | ४००० | १२ | २४०००० |
| कार्यपालिका सदस्य | ६ | २००० | १२ | १४४००० |
| जम्मा रु. | | | | ६२४००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२४,००० |

३९ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली २०६४ को नियम ३ को उप नियम (१) मा भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान नहुने, उप नियम ४ मा भ्रमण आदेश गर्ने पदाधिकारीले भ्रमण आदेश दिँदा तोकिए बमोजिमको ढाँचा दिनु पर्ने, नियम ४ मा भ्रमण किफायती हुनुपर्ने, नियम १८ मा भ्रमण सम्बन्धि विल भर्पाईहरु र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले यो वर्ष अनुगमन मूल्याङ्कन तथा भ्रमण शिर्षकमा रु.५६५८४८४।०० खर्च गरेको छ । भ्रमण आदेश र संलग्न भएका विल भर्पाई परीक्षण गर्दा कुनै भ्रमण आदेशमा भ्रमणको उद्देश्य, भ्रमण गर्ने स्थान उल्लेख नगरी भ्रमण आदेश स्वीकृत भएको, कुनै भ्रमण विलमा सम्बन्धित कर्मचारीको दस्तखत नभएको भ्रमण अभिलेख खाता नराखेको. भ्रमण प्रतिवेदन पूर्ण रुपमा पेश नभएको लगायतका कैफियत व्यहोरा देखिएकोले अति आवश्यक र उद्देश्य वेगरको भ्रमण खर्चमा नियन्त्रण गरी यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ ।

४० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान, आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्च शिर्षक रू.४८२४३१७।०० खर्च गरेको छ। पालिकाले कार्यपालिकामा हुने दैनिक चिया, खाजा, खाना र राजश्व संकलन केन्द्रमा खटिएका कर्मचारीहरुलाई दैनिक खाना खाजा चिया लगायतका खर्च यसबाट भुक्तानी भएको देखिन्छ । यस बाहेक कतिपय कार्यक्रम खर्च तथा मसलन्द, जिन्सी समान मर्मत खर्च र प्रहरी चौकीहरुलाई मौलो पूजा लगायतका खर्चहरु पनि बिबिध शीर्षकबाटै भुक्तानी भएको हुदा खाना, खाजा, चिया, अथिति सत्कारमा वास्तविक खर्च कति भयो यकिन गर्न सकिएन । पालिकाले विविध खर्च आफ्नो आन्तरिक आयको परिधिभित्र रही यस्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

४१ **कर विजक**

मूल्य अभिबृद्धि कर नियमावली, २५३ को नियम १७(१ ) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूचि ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था गरेको छ। पालिकाले गो भौ नं ३५।०८०।६।१० बाट पालिकाका प्राविधिक कर्मचारीलाई तालिम सञ्चालन गर्न एन आई ई नेपाल इन्स्टिच्युट अफ इन्जिनियरिङ पुल्चोक संग सम्झौता गरी रु.३५२५६०। मू अ कर समेत भुक्तानी गरेको छ। उक्त फर्मले जारी गरेको कर विजकमा विजक नम्बर उल्लेख भएको नदेखिएको र मू अ कर वापत रु.४०५६०। समेत भुक्तानी गरेको छ। तसर्थ नियमावलीले तोकेको ढाँचामा कर विजक जारी गरी उक्त रकमको मू अ कर समायोजन पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,५६० |

४२ **पालिका करार शिक्षक**

विद्यालयका शिक्षक कर्मचारीको तलव सेवा सुविधा पोशाक, पाठयपुस्तक नेपाल सरकारको सघिय कानुन बमोजिम शसर्तका कार्यक्रमतर्फ रहको छ भने शिक्षा नियमावली, २०५९ को १०५ मा विद्यालयले आफै नियुक्त गरेको शिक्षकको पारिश्रमिक आफ्नै श्रोतबाट व्यहोरिनुपर्ने उल्लेख छ। स्थानिय सरकारले त्यसलाइ अनुगमन, नियमन, व्यवस्थापन, दरबन्दी मिलान जस्ता कार्यहरु गरिने उल्लेख छ। तर पालिकाले बिभिन्न ४ वटा विद्यालयहरुमा नियुक्त गरिएका करार शिक्षकहरुको तलव भत्तामा वार्षिक रु ३५८८७४१।०० निकासा भुक्तानी गरेको छ। करार शिक्षकको तलव भत्ता आन्तरिक राजश्व शिर्षकबाट व्यहोरेको छ । यस सम्बन्धमा पालिकाले आवश्यक दरवन्दी नभएको कारण शिक्षक अनुदान दिनु परेको भनाइ रहेको छ । अनुदान उपलब्ध गराएका विधालयहरुको विधार्थि संख्या र शिक्षक दरवन्दी देहाय अनुसार रहेको छ ।

| विद्यालयको नाम | दरवन्दी | करार तथा राहत समेत पदपूर्ति | गा पा अनुदान शिक्षक | विद्यार्थि संख्या |
|---|---|---|---|---|
| लुक्ला आ वि | ११ | ९ | १ | ३६५ |
| जनसेवा आ वि | ६ | ४ | २ | १४० |
| खुम्जुङ मा वि | १४ | १३ | १ | २९५ |
| मन्जुश्री वौद्ध आ वि | ० | ० | ३ | २२ |

नोटः हाल पालिकाबाट सञ्चालित वौद्ध आ वि वन्द भएको छ। पालिकाले विधार्थि संख्या र दरवन्दी कम भएका विधालयमामात्र करार शिक्षकको तलव अनुदान दिनुपर्दछ । तोकिएको विधार्थि शिक्षक अनुपात कायम हुने गरी दरवन्दी मिलान गर्नु पर्दछ । पालिकाबाट यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ।

४३ **कार्यालय सामाग्री**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान तयार गर्ने र नियम ३१ मा सार्वजनिक निकाले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यपालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा बार्षिक रु.५१५२३६७।०० खर्च गरेको छ। पालिकाले वर्षभरी कार्यालयलाई आवशषक पर्ने कार्यलय सामाग्रि तथा मसलन्द खरिद सम्बन्धि प्याकेज तथा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा पालिकाले आवश्यकताका आधारमा पटक पटक बिभिन्न सप्लायर्स वा फर्मबाट खरिद गर्ने गरेको देखिन्छ। पालिकाले आफुलाई आवश्यक पर्ने कार्यालय सामाग्रीको प्याकेज तयार गरी बार्षिक रुपमा एकमुष्ठ प्रतिस्पर्धा विधि छनौट गरी खरिद गर्नुपर्दछ ।

४४ **विल भरपाईभन्दा बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाको गो. भौ. नं. २६१।०८०।१२।१५ बाट ११४ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाउन पासाङल्हमु महिला समितिलाई विल भरपाईका आधारमा रु.५५५०००।०० भुक्तानी गरेकोमा विल भरपाई परीक्षण गर्दा दैनिक भ्रमण भत्ता र प्लेन टिकट वापतको रु.१८५४०२।०० को विल भरपाई संलग्न भएको नदेखिएकोले आवश्यक पुष्ट्याई सहित विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८५,४०२ |

४५ **व्यवसायिक संस्थालाई अनुदान**

स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्बाधार विकास तथा दिर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने तथा

व्यवसायिक उदेश्यले स्तापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष पालिकाले एभरेष्ट ट्रेकिङ रुट अन्तर्गतका विभिन्न स्थानमा फोरजी सेवा सञ्चालन गर्न नेपाल टेलिकम संग लागत साझेदारीमा टावरका सामाग्री काठमाण्डौदेखि हेलिबाट विभिन्न स्थानमा ढुवानी गर्न दुइवटा टोल विकास संस्थालाई ढुवानी गरेवापत रु.२५४४३६५।०० खर्च भुक्तानी गरेको छ। यसरी पालिकाले ढुवानी गरिदिए वापत टेलिकमका सेवामा कुनै छुट पाउने व्यवस्था सम्झौतमा उल्लेख नभएको तथा नेपाल टेलिकम एउटा व्यवसायी तथा नाफामूलक कम्पनी रहेकोले सेवा विस्तार उसको पनि नागरिक दायित्व अन्तर्गत पर्ने हुँदा यस्तो कम्पनीलाई ढुवानीमा पालिकाले लागत साझेदारी गर्नु नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २५,४४,३६५ |

४६ **मुल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले गो भौ नं २४३।०८०।१२।१३ बाट महिला समूहको क्षमता विकास तालिम वडा नं ३ र ५ मा सञ्चालन गर्न मासा वाइल्ड हिमालयन ब्रिउ प्रा.लि. परामर्शदातासंग सम्झौता गरी तालिम सञ्चालन गरेवापत विल रु. १२७१२५०। भुक्तानी भएकोमा मूल्य अभिबृद्धि करको ३० प्रतिशतले हुने रकम रु.४३८७५।०० कट्टा गरी राजस्व शिर्षकमा दाखिला गरी बाँकि ७० प्रतिशतमात्र सम्बन्धित परामर्शदातालाई भुक्तानी गर्नुपर्नेमा पुरै रकम भुक्तानी गरेकोले ३० प्रतिशत रकम सम्बन्धित राजश्व कार्यालयमा बुझाएको प्रमाण पेश पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४३,८७५ |

४७ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसमान मर्मत सम्भारको कार्य गर्दा सम्बन्धि विशेषज्ञबाट लागत तयार गराउनु पर्ने व्यवस्था छ। त्यसैगरी पालिकाले सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत भएका म.ले.प. फाराम ४१४, मर्मत आवेदन तथा आदेश फाराम ४१४, ४१४(क) मर्मत सम्पन्न र ४१५ मर्मत अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत जिप -१ र मोटर साइकल-१ गरी २ वटा सवारी साधन रहेकोमा सवारी साधन मर्मतमा रु.१०४८७४६।०० खर्च गरेको छ। सवारी साधन मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत सम्भार तथा संरक्षण आवेदन फाराम र मर्मत अभिलेख खाता नराखेकोले मर्मत खर्चको वास्तविकता यकिन गर्न सकिएन । तसर्थ नियमावलीमा भएको व्यवस्थाको पालना गरी मर्मत सम्बन्धी निश्चित मापदण्ड तयार गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

४८ **घर भाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम नियम ९४ मा सार्वजनिक निकायले घर तथा जग्गा भडा लिदा अपनाउनु पर्ने कार्यविधिका बारेमा उल्लेख छ। पालिकाले यस वर्ष वडा कार्यालय, राजश्व काउण्टर, प्रहरी चौकी, कार्मचारी आवास लगायतका घर भाडा शिर्षकमा वार्षिक रु.३४०८५७५।०० खर्च भुक्तानी गरेको छ।सोहि नियमको उप नियम (४) मा जिल्ला स्थित कार्यालयको घर भाडा निर्धारण गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा घर जग्गा भाडा निर्धारण समितिको व्यवस्था गरेकोमा सो समितिबाट पालिकाले घर भाडा निर्धारण गरेको नदेखिएको साथै पालिका आफैले पनि नियमावलीको कार्यविधिको पूर्ण पालना गरेको देखिएन। यसका अलवा पालिकाले काठमाण्डौ जिल्लाको चावहिल स्थित पेम्वा दोर्जी शेर्पाको घर वार्षिक रु.४६२०००।०० मा स्टोर प्रयोजनमा लागि भाडामा लिई घरभाडा भुक्तानी गरेको देखिन्छ। पालिकाको स्टोर काठमाण्डौमा आवश्यक पर्ने हो होइन यसमा विचार गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा पालिकासंग छलफल गर्दा काठमाण्डौ देखि लुक्का पठाउनुपर्ने कार्यक्रम सञ्चालन लगायतका सामाग्री स्टोर गर्न आवश्यक भएकोले लिनु परेको भनाइ रहेको छ। पालिकाले यस प्रकारका खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

४९ **भरपाई पेश**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **४५१,५४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५० **नागरिक स्वास्थ्य उपचार कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल गर्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने उपयोगिता सिर्जना हुने लगायतका योजना छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकाभित्र स्थायी बसोबास गर्ने नागरिकको समयमै स्वास्थ्य उपचार होस भन्ने ध्येयकासाथ नागरिक स्वास्थ्य उपचार सेवा कोष सञ्चालन कार्यविधि २०७९ पारित गरी लागु गरेको छ। उक्त कार्यविधिको बुदा नं ४ मा जटिल प्रकृति र शल्यक्रिया गर्नुपर्ने रोगका लागी औषधि उपचार गर्न दश लाख रुपयाँसम्म उपलब्ध गराउन सकिने व्यवस्था छ। पालिकाले यस प्रकृतिको रकम कोष स्थापना गरी कोष मार्फत व्यवस्थापन समितिको निर्णय तथा अनुमोदन गराएर मात्र खर्च गर्न सकिने उल्लेख छ। तर सो कार्यविधिमा रोगको प्रकृति र सो अनुसार उपचार उपलब्ध गराउने रकमको स्पष्ट मापदण्ड उल्लेख गरेको देखिएन । पालिकाले कार्यविधिमा उल्लेख भए अनुसार कोष स्थापना नगरी दश लाखसम्मको निशुल्क स्वास्थ्य उपचार खर्च शिर्षकमा रु.७५ लाख वजेट विनियोजन गरी यस वर्ष ६० व्यक्तिको उपचारमा रु.७४९९९९१।०० खर्च लेखेको छ । तोक आदेश तथा कार्यपालिकाको निर्णयका आधारमा अधिकतम रु ९३६५३९।०० सम्म उपचार खर्च उपलब्ध गराएकोमा औषधि उपचार पाउने व्यक्तिको आर्थिक स्थिति कमजोर तथा असहाय रहेको सिफारिस पेश भएको देखिएन। व्यक्तिले माग गरेको आधारमा भुक्तानी दिने प्रणाली नियन्त्रण गरी वास्तविक असहाय गरिव र आर्थिक अवस्था कमजोर भएका नागरिकको पहिचानका गरी यस्तो सुविधा कोष स्थापन गरी व्यवस्थापन समितिको निर्णयका आधारमा भुक्तानी हुनु पर्दछ ।

५१ **अग्रिम कर**

आय कर ऐन, २०५८ को दफा ८८(८) मा ढुवानी सेवा वापतको तथा ढुवानी साधन भाडामा दिए वापतको भुक्तानी रकममा दुई दशमलव पाच प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका फर्महरुलाई सामाग्री ढुवानी गरे वापतको भाडा भुक्तानी गर्दा उपरोक्त अनुसारको दरले भाडा कर कट्टा नगरी घटी कट्टा गरेको देखिएकोले नपुग रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| गो भौ नं | भुक्तानी पाउने पार्टी | भुक्तानी रकम | कर कट्टी गर्नुपर्ने | कट्टा गरेको | नपुग रकम |
|---|---|---|---|---|---|
| ४४३।०८१।३।१२ | स्नो आइस ट्राभल एण्ड टुर्स | ४३१९४८ | ९६८५ | ५८१० | ३८७५ |
| ४४३।०८१।३।१२ | हेली एभरेष्ट प्रा लि | ७७५१४८ | १७४४६ | १०४२८ | ७०१८ |
| ४९२।०८१।३।१९ | हेली एभरेष्ट प्रा लि | ७७०८९२ | १७०५५ | १०२३४ | ६८२१ |
| जम्मा रु. | | | | | १७७१४ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-७** को निर्णयले रू **४,२८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १७,७१४ |
|---|---|

५२ **अनुगमन खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **७,६५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५३ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीम १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघिय सरकार शसर्त कार्यक्रमबाट रु.१०१५७०८।०० र पालिका चालुबाट रु.४४१७८९२।०० समेत जम्मा रु.५४३३६००।०० पटक पटक लिखित कोटेशन माग गरी औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन साथै खरिद गरिएका औषधि तोकिएको स्पेसिफिकेशन र गुणस्तर अनुसारकै भए नभएको सम्बन्धमा सम्बन्धित क्षेत्रको विज्ञ टोलीबाट निरीक्षण गराइ प्रतिवेदन समावेश गर्नु पर्नेमा गरेको देखिएन । त्यस्तै औषधिको प्रयोग र मौज्दात अवस्था समेत यकिन गर्न सकिएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

५४ **न्यानो झोला**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३ वटा बर्थिङ सेन्टरमा गत वर्षको न्यानो झोलाको बाँकी मौज्दात कति रहेको थियो सोको विवरण पेश भएन । पालिकाको स्टोरमा गतवर्षको मौजेदात रहेका ५ सेट र यस वर्ष हिमालयन सर्जिकल प्रा. लि. बाट खरिद गरिएका रु.१९८८९०।०० का २०० समेत २०५ सेट न्यानो झोला आम्दानी भएकोमा यस वर्ष ३ वटा बर्थिङ सेन्टरमा २५ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । प्रसुति भएका उक्त २५ जनालाई वितरण पश्चात पनि पालिकाको भण्डार तथा बर्थिङ सेन्टरमा समेत गरी १८० सेट न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

## ५५ शिक्षक दरबन्दी र पदपूर्ती

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः

| क्र. सं. | विद्यालयको नाम | बाल विकास दरबन्दी | स्थायी दरबन्दी | करार | राहत | गा. पा . अनुदान | जम्मा दरबन्दी | विद्यार्थी संख्या | शिक्षक र विद्यार्थीको अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री खरिखोला मा. वि . | १ | १२ | २ | ० | ० | १४ | २३४ | १६.७१ |
| २ | श्री वुक्सा आ. वि . | १ | ३ | २ | ० | ० | ५ | ५८ | ११.६० |
| ३ | श्री मेरा आ. वि . | १ | ० | ० | २ | ० | २ | ९ | ४.५० |
| ४ | श्री पाङकोनिजा आ. वि . | १ | १ | ० | ० | ० | १ | ५ | ५.०० |
| ५ | श्री नौलेख आ. वि . | १ | १ | १ | ० | ० | २ | २१ | १०.५० |
| ६ | श्री सगरमाथा आ. वि . | ० | १ | ० | ० | ० | १ | ७ | ७.०० |
| ७ | श्री लुक्ला आ. वि . | १ | ६ | २ | १ | २ | ११ | ३६५ | ३३.१८ |
| ८ | श्री महेन्द्र ज्योती मा. वि . | १ | १० | १ | २ | ० | १३ | ३३७ | २५.९२ |
| ९ | श्री पेमा छोलिङ आ. वि . | १ | १ | १ | ० | ० | २ | ५४ | २७.०० |
| १० | श्री जनसेवा आ. वि . | १ | २ | २ | ० | २ | ६ | १४० | २३.३३ |
| ११ | श्री युवावर्ष आ. वि . | १ | ३ | ० | १ | ० | ४ | ३३ | ८.२५ |
| १२ | श्री हिमालय आ. वि . | १ | २ | २ | १ | ० | ५ | २१६ | ४३.२० |
| १३ | श्री थामे आ. वि . | १ | २ | २ | १ | ० | ५ | ५१ | १०.२० |
| १४ | श्री खुम्जुङ मा. वि . | १ | १० | ३ | ० | १ | १४ | २९५ | २१.०७ |
| १५ | श्री फोर्चे आ. वि . | १ | १ | ० | ० | ० | १ | ९ | ९.०० |
| १६ | श्री पाङवोचे आ. वि . | १ | २ | ० | ० | ० | २ | १५ | ७.५० |
| १७ | श्री मन्जुश्री बौद्ध आ. वि .( गाउँपालिका अनुदानवाट सञ्चालित ) | १ | ० | ० | ० | ० | ३ | २२ | ७.३३ |
| | | १६ | ५७ | १८ | ८ | ५ | ९१ | १८७१ | २७१ |

उपर्युक्त तालिका अनुसार पालिका भित्र गाउँपालिका अनुदानवाट संञ्चालित मञ्जुश्री बौद्ध आ.वि. समेत १७ विद्यालय रहेकोमा शिक्षकको कुल दरवन्दी ९१ र विद्यार्थी संख्या १८७१ जना रहेको देखिन्छ। सो मध्ये पाङकोनिजा आ.वि.मा ५ जना विद्यार्थी रहेकोमा १ शिक्षक दरबन्दी रही शिक्षक विद्यार्थी अनुपात १:५ रहेको छ भने हिमालय आ.वि. मा ५ जनाको शिक्षक दरवन्दी रहेकोमा विद्यार्थी संख्या २१६ हुन गई शिक्षक विद्यार्थी अनुपात १:४३ भएको देखिन्छ। तसर्थ पालिकाले नेपाल सरकारको नीति बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलान गरी विद्यालयहरुको व्यवस्थापन गर्नु पर्ने देखिन्छ।

## ५६ शिक्षकलाई स्थानीय भत्ता बढी भुक्तानी

विभिन्न २३ विद्यालयका शिक्षकहरुलाई ग बर्गको स्थानीय भत्ता निकासा गर्नुपर्नेमा ख बर्गको निकासा गररेकोले बढी निकासा गरेको रकम असुल भई पेश भएको आधारमा सम्परीक्षण ।

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **२३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **२३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **२३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **२३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **२३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१९,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१९,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१९,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१९,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **१९,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **३९,६९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **३१,६०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **३१,६०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **१५,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **३१,६०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **१७,१५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **१९,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **२३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१९,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **२३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **१९,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१९,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **१९,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **विद्यालयको लेखापरीक्षण**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को कृयाकलाप नं.२.७.१३.१० मा विद्यालयलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण गर्नका लागि आधारभुत विद्यालयलाई बार्षिक रु.१० हजार र माद्यमिक विद्यालयका लागि रु.१५ हजार अनुदान दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्न विद्यालयलाई अनुदान रकम निकासा गरेकोमा हालसम्म पनि लेखापरीक्षण गरी प्रतिवेदन पालिकामा पेश गरेको देखिएन। विद्यालयले लेखापरीक्षण गरी सो को प्रतिवेदन यथासिघ्र पेश गर्ने अन्यथा असूल गर्ने रु.

| सि. नं . | विद्यालयको नाम | निकासा रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | श्री सगरमाथा आ. वि . | १०००० | लेखापरीक्षण प्रतिवेदन पेश नभएको |
| २ | श्री पाङबोचे आ. वि . | १०००० | लेखापरीक्षण प्रतिवेदन पेश नभएको |
| | जम्मा रु. | २०००० | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००० |

५८ **स्यानीटरी प्याड**

५८.१ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका १६ सामुदायिक विद्यालयहरु मध्ये ९ विद्यालयमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ३६६ जना रहेको विवरण प्राप्त भएको छ। पालिकाले यसवर्ष २०८०।२।२८ मा ओसियन सर्जिकल ट्रेड कन्सर्नबाट ७३२० थान स्यानिटरी प्याड रु.५९५५५५ (मु अ कर समेत) मा खरिद गरेको छ।खरिद गरिएका स्यानिटरी प्याड विद्यार्थी सङ्ख्याका आधारमा विभिन्न ९ विद्यालयलाई पठाएको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी वितरण गर्ने कार्य उचित देखिएन। खरिद गरी विद्यालयलाई वितरण गरेका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमि

नआउने गरी सुरक्षित रुपमा राखे नराखेको तथा दुरुपयोग नहुने गरी सम्बन्धित छात्राहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गरी एकिन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका थप व्यहोरा देहाय बमोजिम छन् ।

५८.२ **फरक शिर्षकमा खर्च -** सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षकमा रु.३८१०००।०० मात्र वजेट विनियोजन भएकोमा शैक्षिक सुशासनका लागि संस्थागत क्षेमता विकास,विद्यार्थी परीक्षण मूल्यांकन, शिक्षक मेन्टरिङ्ग तथा विद्यालय सुपरिवेक्षण शीर्षकमा विनियोजन भएको बजेटबाट रु.२१४५५५।०० समेत थप गरी रु.५९५५५५।०० को स्यानिटरी प्याड खरिद गरेको हुँदा शीर्षक फरक पारी खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,१४,५५५ |

५९ **कर्मचारीलाई स्थानीय भत्ता बढी भुक्तानी**

विभिन्न कर्मचारीहरुलाई ग बर्गको स्थानीय भत्ता भुक्तानी गर्नुपर्नेमा ख बर्गको दरले भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम असुल भई आएकोले सम्परीक्षण गरिएको ।

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **३१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **१३,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **२२,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **२२,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६० **चाडपर्ब खर्च भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **४३,६८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६१ **बढी पारिश्रमिक निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-९** को निर्णयले रू **४,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२ **चौंरी प्रवर्द्धन कार्यक्रम**

चौंरी प्रवर्द्धन कार्यक्रम संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (चालु )अन्तर्गत यस वर्ष चौंरी प्रवर्द्धन कार्यक्रमका लागि रु.९,८८,०००।०० बजेट व्यवस्था भएकोमा चौंरी पालक कृषकलाई प्रतिलिटर दुध उत्पादनमा रु.१५।०० का दरले यस वर्ष १६ कृषकलाई रु. ५,८२,६९०।०० प्रोत्साहन अनुदान भुक्तानी गरेको छ । जसका लागि पालिकाले वडा कार्यालय मार्फत प्रत्येक वडाका चौंरी पालक कृषकहरुले पालेको चौरीको संख्या, दैनिक उत्पादन हुने दुधको परिमाण ( लिटरमा ) लगायतको विवरण संकलन गरी सो

विवरणका आधारमा पालिकाको आर्थिक विकास समितिको २०८१।०१।२३ गतेको बैठकले चौंरीको दुध उत्पादनमा प्रतिलिटर रु.१५।०० का दरले प्रोत्साहन दिने निर्णय गरेको तथा सोही समितिको २०८१।०२।२४ गते बसेको बैठकले वार्षिक ५०० लिटर भन्दा बढी दुध उत्पादन गर्ने ३३ कृषक/कृषि फर्म छनोट गरेको छ ।यसरी छनोट गरेका कृषक / कृषि फर्मलाई अनुदान प्रप्तिका लागि विभिन्न कागजात सहित ७ दिन भित्र निवेदन पेश गर्न २०८१।०२।२५ मा सूचना जारी भएको देखिन्छ । सो सूचना पश्चात प्राप्त भएका १६ कृषक/कृषि फर्मलाई वडाको सिफारिस समेत संलग्न गरी वार्षिक दुध उत्पादनका आधारमा प्रति लिटर रु. १५।०० का दरले प्रोत्साहन अनुदान दिएको पालिकाले जनाएको छ । तर निवेदन माग पश्चात कति जना कृषकको निवेदन परेको र क-कसलाई अनुदान दिने भनि निर्णय गरेको देखिएन । यस्तो प्रोत्साहन अनुदान वितरण गर्दा कार्यपालिकाले निर्णय गरी पारदर्शी ढंगले वितरण गर्नु पर्दछ ।

६३ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

६४ **प्राविधिक विल र कार्यसम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ ।

६५ **वीमा नगराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमका ठेक्का तथा उपभोक्ता समतिहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी/उपभोक्ता समिति | कामको विवरण | सम्झौता रकम | विओक्यू मा वीमा रकम | कैफियत |
|---|---|---|---|---|---|
| 01-2080/081 | विशाल कन्स्ट्रक्सन | पाङवोचे खानेपानी निर्माण | ६२९३५४८.०० | ६५०००.०० | वीमा नगरेको |
| 03-2078/79 | रेड पान्डा कन्स्ट्रक्सन | वडा नः ३ को वडा कार्यालय भवन | १२७१८७४४.२७ | ० | वीमा नराखेको |
| उपभोक्ता समिति | युल्तेङ टोल विकास संस्था | खरीखोला खानेपानी आयोजना | ५००००००.०० | ० | वीमा नराखेको |
| उपभोक्ता समिति | लुक्ला शेर्पा टोल विकास संस्था | लुक्ला कभर्ड हल निर्माण | ५३४५०५०.०० | ० | वीमा नराखेको |
| 04-2078/079 | एन.एस. कन्स्ट्रक्सन | वडा नः १ कार्यालय भवन निर्माण | ८९७४३८७.४५ | ० | वीमा नराखेको |
| उपभोक्ता समिति | फाराक टोल विकास संस्था | बैङ्कर खानेपानी आयोजना तथा अग्नि नियन्त्रण प्रणाली जडान | ४००००००.०० | ० | वीमा नराखेको |

## ६६ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक पटकमा रु.१० लाखसम्म लागत अनुमान भएको सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एक फर्म वा कम्पनी मार्फत एक पटक मात्र खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले एउटै प्रकृतिको काम पनि कोटेशन मार्फत फरक फरक निर्माण व्यवसायीबाट गराएको देखिन्छ । निम्नानुसारका रु.७७,९३,०६८।३१ बराबरका निर्माण कार्यको खरिद गर्दा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन । प्राकृतिक विपत्ति लगायतको कारण आकस्मिक रुपमा गर्नुपर्ने कामहरु कोटेशन मार्फत भएको कार्यालयको भनाई रहेको छ । यसरी खरिद योजना नवनाई प्रतिश्पर्धा सिमित हुने गरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| क्र.सं | विवरण | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | छिलुक देबीथान देखि चीहान डाँडा सम्मको ट्रक ओपन | बी बी कन्ट्रसन | ९४९२७८.६३ |
| २ | पैया खोल्सीहरुमा हिम पाईप लगाउने कार्य | लेकाली कन्ट्रसन | ७८७४९८.७० |
| ३ | पैया हाईड्रो पावरको पेन स्टक पाईप छेउमा ग्याबिन वाल निर्माण | खहरे निर्माण सेवा | ९४२२०५.३० |
| ४ | पैयाको ट्रेकर्स लज मुनी ग्याबिन वाल निर्माण | डी लाईट कन्ट्रसन | ७९६५९३.५० |
| ५ | पैया स्थित बिद्यालयको आसपास ढुङ्गा सोलिश्र गर्ने कार्य | रामेछाप कन्ट्रसन | ९४८०६८.३३ |
| ६ | हिम पाईप खरिद तथा ढुवानी गर्ने कार्य | पी आर बील्डस एण्डट्रर्स | ९५४३०७.६० |
| ७ | रमाईलो डाँडा बुक्सा सडक सरसफाई तथा ग्राबेल गर्ने कार्य | मिजर निर्माण सेवा प्रा लि | ९२८३५२.२५ |
| ८ | बुक्सा भष्मे सडक ग्राबेल | एन एस कन्ट्रसन | ८९२५०७.०० |
| ९ | रमाईलो डाँडा भष्मे थाम डाँडा सडक ग्राबेल | मंगोलियन इन्फाक्चार गुप प्रा लि | ५९४२५७.०० |
| | जम्माः | | ७७९३०६८.३१ |

## ६७ टुक्रा खरिद

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ मा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी

दरभाउपत्र र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले ङिमदोर्जे शेर्पा पर्यटन सडक स्तरोन्नती कार्यलाई टुक्राई रु.९,८९,५७२।३०, रु.९,७९,२४५। र रु.७,७५,१६७।३६ को लागत अनुमान तयार गरी क्रमशः पि पि एण्ड पि कन्स्ट्रक्सन लाई रु.९,७४,३२८।, सिर्जनशिल इन्जिनियरिङ्ग कन्स्ट्रक्सनलाई रु.९,७६,८८५। र श्यारीमचो कन्स्ट्रक्सन प्रा.लि.लाई रु.७,६०,९४२। मा कोटेशन मार्फत कार्य गराएको देखिन्छ । एउटै कार्यलाई टुक्रा-टुक्रा पारी तीन निर्माण व्यवसायी मार्फत कार्य गराएको रकम अनियमित देखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | २७,१२,१५५ |

६८ **डि.पि.आर.**

पालिकाले योजना तर्जुमा गर्दा कार्यान्वियन योग्य योजना तर्जुमा गर्नुपर्दछ । गतवर्ष पालिकाले निम्न बमोजिमका योजना कार्यान्वियनका लागि ड.पि.आर. तयार गरेको देखियो ।

| क्र. स . | योजनाको नाम | डी.पी.आर. का लागि भुक्तानी (रु.) | योजनामा लाग्ने लागत (रु.) |
|---|---|---|---|
| १ | खरिखोला मिनी हाइड्रो | १९६६२०० | ३४०००००० |
| २ | चौरी खर्क हिमाली सहर निर्माण | १९६७२९१ | ६००००००००० |

उपर्युक्त योजना निर्माणका लागि गत वर्ष डी.पी.आर. तयार गरी भुक्तानी गरेकोमा खरिखोला मिनी हाइड्रोका लागि आ.व. २०८०।८१ का लागि कुनै पनि बजेट विनियोजन भएको देखिएन । त्यस्तै चौरीखर्क हिमाली सहर निर्माणका लागि पालिकाबाट बजेट विनियोजन नभएको तर सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय ओखलढुङ्गाबाट सोही डि.पि.आर.बाट काम सञ्चालन गरेको पालिकाको भनाई रहेको छ । कार्यान्वियन नगर्ने योजनाको डि.पि.आर. गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

६९ **वडा नः१ कार्यालय भवन**

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५४ मा खरीद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सृजना भएमा भेरिएशन आदेश जारी गर्न सकिने ब्यवस्था छ । त्यस्तै निर्माण व्यवसायीसंगको सम्झौताको साधारण शर्तको बुँदा नः ४६.६ मा वि ओ क्यूमा उल्लेखित मुख्य आइटममा २५ प्रतिशत भन्दा वढी र कुल ठेक्काको २ प्रतिशत भन्दा वढी भेरिएन भएमा त्यस्तो थप भएको काममा भेरिएशन स्वीकृत गरी नयाँ दर रेट कायम गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान रु.१,२४,३४,५५०।७७ (मु.अ.कर समेत) ठेक्का नः02/Works/NCB/KPLRM/Building-078/079 को १ नम्वर वडा कार्यालय भवन निर्माणको लागि एन.एस. कन्स्ट्रक्सनसंग ३५.२३ प्रतिशत घटी रु.८०,५३,३२४।४५ (मु.अ.कर समेत) मा पालिकाले सम्झौता गरेको देखियो । यस खरिद सम्झौतामा आइटम नः२५ मा रहेको Local wooden chaukhat for door and window मा १.३६ घ.मि. रहेकोमा थप गर्नुपर्ने परिणाम ५.५४ रहेको भनि भेरिएशन स्वीकृत गरेको देखिन्छ । त्यस्तै ठेक्का सम्झौतामा उल्लेख नभएको आइटम Providing and fixing of black iron work for beam, rafter, purlin and Truss work मा २१२३.५१ किलोग्राम, Supplying and fixing of 6mm thick flex-o board ११५.५ बर्ग मिटर, Electrification plumbing and sanitation work छुट भएकोले भेरिएशन भएको छ । नयाँ आइटम थप गरी भुक्तानी भएको रु.२०,९६,४८०।४५ कुल ठेक्का अंकको २६.०३ प्रतिशत र परिमाण थप भएको Local wooden chaukhat for door and window मा आइटमको १२४.९१ प्रतिशत र ठेक्का अंकको ४.११ प्रतिशत भेरिएशन भएको देखिन्छ । परिमाण थप भएको आइटममा कबोल गरेको दरकै आधारमा भुक्तानी भएको छ भने थप नयाँ आइटममा निर्माण व्यवसायीसंग दर माग गरी सोही वमोजिम भुक्तानी गरेको छ । कार्यालयले तयार गरेको लागत अनुमान भन्दा ५.०८ प्रतिशत घटी हुनेगरी दर पेश गरेकोमा कार्यालयले सोही दर वमोजिम भुक्तानी गरेको देखिन्छ । निर्माण व्यबसायीले ठेक्का ३५.२३ प्रतिशत घटीमा सकार गरेकोले समान्यतय भेरिएशनभै थप भएको आइटममा पनि कार्यालयले तयार गरेको लागत अनुमानको दरमा रेट नेगोशिएन गरी घटीमा पनि ठेक्का कवोल गर्दा घटे बरावरको दर कायम गर्नुपर्नेमा सो गरेको नदेखिएकोले ठेक्का सम्झौता गर्दा उपर्युक्त आइटम छुटाएर भेरिएशन गरी वढी दरमा भुक्तानी गरेको देखिन्छ । थप भएको आइटमको कुल लागत अनुमान रु.२२,०२,२४०।७२ मा ३५.२३ प्रतिशत घटीले हुने रु.७,७५,८४९।४० कम गरी रु.१४,२६,३९१।३१ सम्म भुक्तानी गर्न सकिने देखिएकोमा पालिकाले नयाँ आइटमको लागि दर कायम गर्दा रेट नेगोशिएसन नगरी निर्माण व्यबसायीले पेश गरेको दरमै भुक्तानी गरेकोले पालिकालाई थप व्ययभार परेको रु...

| | |
|---|---|
| अनियमित भएको | ६,७०,०८९ |

७० **वडा नः३ कार्यालय भवन** (१२३-२०८१-२-१):

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५४ मा खरीद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सृजना भएमा भेरिएशन आदेश जारी गर्न सकिने ब्यवस्था छ । त्यस्तै निर्माण व्यवसायीसंगको सम्झौताको साधारण शर्तको बुँदा नः ४६.६ मा वि ओ क्यूमा उल्लेखित मुख्य आइटममा २५ प्रतिशत भन्दा वढी र कुल ठेक्काको २ प्रतिशत भन्दा वढी भेरिएन भएमा त्यस्तो थप भएको काममा भेरिएशन स्वीकृत गरी नयाँ दर रेट कायम गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान रु.१,७५,६३,३०५।४९ (मु.अ.कर समेत) ठेक्का नः03-Works/NCB/KPLRM/Building-078/079 को वडा नम्वर ३ कार्यालय भवन निर्माणको लागि रेड पान्डा कन्स्ट्रक्सनसंग ३४.८७ प्रतिशत घटी रु.१,१४,१५,८९४।८६ (मु.अ.कर समेत) मा पालिकाले सम्झौता गरेको देखियो । यस खरिद सम्झौतामा आइटम नः१३ को Half cement block masonary with partation मा ९.९१ घनमिटर रहेकोमा थप गर्नुपर्ने परिणाम ५.११ घनमिटर, आइटम नः२५ को स्थानीय काठबाट वनेको झ्याल र ढोकाको चौकठमा १.३६ क्यू.मि. रहेकोमा थप गर्नुपर्ने परिमाण १२.४९ क्यू.मि. भनि भेरिएशन स्वीकृत गरेको छ । त्यस्तै लागत अनुमानमा छुट भएको थप गर्नुपर्ने नयाँ आइटम Providing and fixing of local salla wood work for beam, raftear, purlin ५.३६ घनमिटर, Providing and fixing of local salla wood for seissor truss ०.७६ घनमिटर, Providing and fixing of 6mm plywood २९२.८० बर्ग मिटर, Providing and supplying of two coat varnish ३२९.१९ बर्ग मिटर र Electrification plumbing and sanitation work छुट भएकोले भेरिएशन गरेको छ । नयाँ आइटम थप गरी भुक्तानी भएको रु.२४,७४,२४०।२० कुल ठेक्का अंकको २१.६७ प्रतिशत हुन्छ भने परिमाण थप भएको Half cement block masonary with partation ५.११ घनमिटर र स्थानीय काठबाट वनेको झ्याल र ढोकाको चौकठमा १२.४९ मा क्रमशः आइटमको ५२ र ९१८.३८ प्रतिशत र ठेक्का अंकको १०.०९ प्रतिशत भेरिएशन भएको देखिन्छ । परिमाण थप भएको आइटममा कबोल गरेको दरकै आधारमा भुक्तानी भएको छ भने थप नयाँ आइटममा निर्माण व्यवसायीसंग दर माग गरी सोही वमोजिम भुक्तानी गरेको देखियो । कार्यालयले तयार गरेको लागत अनुमान भन्दा ९.४२ प्रतिशत घटी हुनेगरी दर पेश गरेकोमा सोही दर वमोजिम भुक्तानी भएको छ । निर्माण व्यबसायीले ठेक्का ३४.८७ प्रतिशत घटीमा सकार गरेको देखिएकोले थप भएको भेरिएशनमा पनि लागत अनुमानको दरमा रेट नेगोशिएन गरी घटीमा पनि ठेक्का कवोल गर्दा घटे बरावरको दरमा कायम गर्नुपर्नेमा सो गरेको देखिएन । थप भएको आइटमको कुल लागत अनुमान रु.२७,३१,७२६।०६ मा ३४.८७ प्रतिशत घटीले हुने रु.९,५२,५५२।८७ कम गरी रु.१७,७९,१७३।१८ सम्म भुक्तानी गर्न सकिने देखिन्छ । पालिकाले नयाँ आइटमको लागि दर कायम गर्दा रेट नेगोशिएसन नगरी निर्माण व्यबसायीले पेश गरेको दरमै रु.२४,७४,२४०।२० भुक्तानी गरेकोले पालिकालाई थप व्ययभार परेको रु...

| | |
|---|---|
| अनियमित भएको | ६,९५,०६७ |

७१ **ङिमदोर्जे शेर्पा पर्यटन सडक**

७१.१ (२२७-२०८१-३-१८):

ङिमदोर्जे शेर्पा पर्यटन सडकको ट्र्याक ओपन (ठेक्का नः 01-WORKS/NCB/KPLRM/ROAD-078-79) निर्माण व्यवसायी विरुवा/ ए.डि.(जे.भी.) संग मिति २०८०।६।२१ भित्र सम्पन्न गर्ने गरी रु.१०,५२,३७,७३४।२२ (मु.अ.कर समेत) मा सम्झौता भएको देखिन्छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।

७१.२ (१०-२०८०-६-१२):

**पूर्वनिर्धारित क्षतिपूर्ति**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-७** को निर्णयले रू **४२०,९५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७१.३ **स्रोत सुनिश्चितता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले खरिदको लागि अवश्यक वजेट व्यवस्था नभई तथा प्रचलित कानून वमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई खरिद कारवाही शुरु गर्नु हुदैन भन्ने व्यवस्था छ । गाउँपालिकाको ५० प्रतिशत र अन्य दुई हाईड्रो पावर कम्पनी (सगरमाथा र सिल्क पावर) को ५० प्रतिशत लागत रहने गरी योजनाको स्रोत अनुमान गरिए अनुसार हाइड्रोपावर कम्पनीहरुले तोकिएको अवधी भित्र रु.५,२६,१८,८६४। व्यहोर्नुपर्ने भए तापनि गत वर्षसम्म २ कम्पनीले रु.७३,३३,९७०। जम्मा गरेकोमा यस वर्ष थप रु.१,६२,६०,९९७। समेत कुल रु.२,३५,९४,९६७। जम्मा गरेको देखियो । सम्झौता वमोजिमको स्रोत जुटाई तोकिएको अवधिमै कार्यसम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

७१.४ (२०६-२०८१-३-२७):

**कार्यपालिका निर्णयबाट थप काम गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ मा सार्वजनिक निकायले कुनै निर्माण कार्य गराउनको लागि अनुसूची ४ वमोजिमको खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६१(१) र नियमावली, २०६४ को नियम १४६(३) मा वोलपत्रमा पर्याप्त प्रतिश्पर्धा गराउन विद्युतिय सञ्चार माध्यम (e-Bidding) मार्फत वोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले लागत अनुमान रु.३७,५५,१७६।१७ (मु.अ.कर समेत) भएको ङिमदोर्जे शेर्पा पर्यटन सडकको भष्मे खण्ड (चेनेज 8+320 देखि 8+700 सम्म) सडक ट्र्याक परिवर्तन गर्ने कार्य (ठेक्का भन्दा वाहिर) कार्यपालिकाको मिति २०८०।६।२० को निर्णयबाट हाल निर्माण भई रहेकै सडकको शर्त र सम्झौता अनुसार हुने गरी निर्माण व्यवसायी विरुवा/ए.डि.जे.भी.लाई गराउने निर्णय गरेको देखिन्छ । ठेक्का प्रकृयाबाट सम्झौता नगरी सञ्चालन भईरहेको सडक ट्र्याक ओपन भन्दा फरक चेनेजको फरक काम कार्यपालिका निर्णयबाट सोही निर्माण व्यवसायीलाई हस्तान्तरण गर्ने कार्य खरिद कानूनको मर्म विपरित छ । सार्वजनिक निकायमा हुने खरिद सम्झौताहरुमा खरिद कानूनको पालना गरी पारदर्शी तथा पर्याप्त प्रतिश्पर्धा हुने व्यवस्था गर्नु पर्दछ । नापी किताव र ठेक्का विलको आधारमा रु.३१,०८,७९३।४१ भुक्तानी भएको देखिएकोले खरिद प्रकृया पुरा नगरी कार्यपालिका निर्णयबाट निर्माण कार्य गरी भुक्तानी दिएको अनियमित देखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ३१,०८,७९३ |

७२ **बढी भुक्तानी** (२५५-२०८१-३-२१):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-७** को निर्णयले रू **२७,२२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७३ **साम्दे भोटेकोशी झोलुङ्गे पुल** (८-२०८०-१०-२५):

लागत अनुमान रु.१,०४,८८,०७१।३९ (मु.अ.कर समेत) रहेको साम्दे भोटेकोशी झोलुङ्गे पुल निर्माणको लागि गाउँपालिका, संघीय झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम र उपभोक्ता समितिको त्रिपक्षिय सम्झौता भएको छ । सम्झौतामा उल्लेख भए वमोजिम गाउँपालिकाबाट १३ प्रतिशतले हुने रु.१३,६३,४४९।२८, संघीय झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमबाट रु.८४,६०,९२४।०८ र उपभोक्ता समितिबाट रु.३,०६,९६५। तथा संघीय झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमबाट वस्तुगत सहायता स्वरुप रु.३,५६,७६३।०३ उपलव्ध हुने उल्लेख छ । श्रेष्ता परीक्षण गर्दा झोलुङ्गे पुलको कुल मुल्याङ्कन रु.९०,०३,७२६।३८ बरावर मात्र भएको अवस्थामा पालिका र उपभोक्ता समितिको भने सम्झौता बमोजिमकै लागत सहभागिता गरेको देखिन्छ । कुल मुल्याङ्कनको १३ प्रतिशतले हुने रु.११७०४८४।४३ मात्र पालिकाले व्यहोर्नुपर्ने देखिए तापनि संघीय झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमबाट वस्तुगत सहायता समेत रु.७४,३०,५०६।६० मात्र उपलव्ध भएकोले घटी मुल्याङ्कन भएको अवस्थामा पनि पालिका र उपभोक्ता समितिले सम्झौता वमोजिमकै लागत सहभागिता गरेको कार्यालयको भनाई रहेको छ । निर्माण कार्यमा विकास साँझेदारहरुको लागत सहभागिता सम्झौता वमोजिम हुने व्यवस्था मिलाउनु पर्दछ ।

७४ **लुक्ला कभर्डहल**

७४.१ (२३४-२०८१-३-१९):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश गर्दा एक करोड रुपैयाँ सम्मको लागत अनुमानको निर्माणको काम उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष ३,०५,२६,०००। लागत अनुमान रहेको कभर्डहलको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई रु.५९,३८,९४४।८३ को कार्यको नापी किताव तयार गरी उपभोक्ताको योगदान रू.५,९३,८९४।४८ कट्टा गरी रू.५३,४५,०५०।३५ भुक्तानी दिएको देखियो । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ । गतबर्षको लेखापरीक्षण प्रतिवेदनमा पनि यस विषयमा उल्लेख भएकोमा यो वर्ष पनि उपभोक्ता मार्फत कार्य गरेकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ ।

७४.२ (२३४-२०८१-३-१९):

**वढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-७** को निर्णयले रू **५५,२६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५ **बढी भुक्तानी** (१३७-२०८१-२-६):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **३२,०५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६ **पैंया छेउबास खानेपानी आयोजना** (२४९-२०८१-३-२०):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा नापजाँच गरी नापी किताबको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले पैंया छेउवास खानेपानी निर्माण आयोजनामा नौलेख टोल विकास संस्थालाई आइटम नः१० मा रहेको Procurement and installation of fitting for RVT 3 को लागि अनुमानित रु.१,०७,५३३।४० लमसममा राखि सोही बमोजिम भुक्तानी भएकोमा नापी कितावमा पनि RVT 3 मा प्रयोग भएको फिटिङ्सको आइटम र परिमाण खुलाएको छैन । त्यस्तै, आइटम नः १२ मा रहेको House hold connection fittings procurement and installation work for HH detail मा पनि अनुमानित रु.१,५३,२९८। राखेर भुक्तानी दिएको पनि आइटम र परिमाण खुलाएको देखिएन । नापी कितावमा फिटिङ्सको परिमाण नखुलाई टोल विकास संस्थाले पेश गरेको विलको आधारमा भुक्तानी भएको दखिन्छ । नापी कितावमा आइटम र परिमाण नखुलाई भुक्तानी दिएको तथा निर्माणको चरणमा पेश भएको विलको आधारमा एकमुष्ठ भुक्तानी भएकोले विष्तृत नापी पेश हुनुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६०,८३१ |

७७ **बैंकर खानेपानी आयोजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार दर विश्लेषण गरी निर्धारण गरिएको दरको आधारमा सार्वजनिक खरिदको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यसरी तयार गरिएको लागत अनुमानको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनु पर्दछ । पालिकाले रु.४६,१८,२०८।९७ लागत अनुमान (रु.६,१८,२०८।९७ लागत सहभागिता समेत) भएको बैंकर खानेपानी आयोजना तथा अग्नी नियन्त्रण प्रणाली जडान क्रमागत योजनामा फाराक टोल विकास संस्थालाई फिटिङ्सको आइटममा लागत अनुमान भन्दा वढी भुक्तानी दिएको देखियो । खानेपानी सेक्सन र फायर हाइड्रेन्ट पोष्टको लागि लाग्ने फिटिङ्स आइटम लागत अनुमान गर्दा अनुमानित रु.१२,६४,५००। राखेकोमा रु.१८,४८,१८२।६३ भुक्तानी भएको देखिन्छ । मिटरवक्स ७०, फायर हाइड्रेन्ट पोष्ट १२, सार्वजनिक धारा ३ र RVT १ समेतको फिटिङ्सको लागि अनुमानित रु.१२,६४,५००। को लागत अनुमान तयार गरेकोमा

अन्य सवै काम भए तापनि मिटरवक्स ३८ मात्र खरिद तथा निर्माण भएकोले रु.४४,०९,११५।९७ को कार्यसम्पन्न भएको छ । लागत अनुमान भन्दा ३२ मिटरवक्स कम खरिद गर्दा पनि फिटिङ्स आइटममा भने लागत बृद्धि भएको देखिन्छ । कार्यालयले लागत अनुमान तयार गर्दा फिटिङ्सको आइटम नखुलाई लमसममा अनुमानित रकम राखेको र टोल विकास संस्थाले पेश गरेको विलको आधारमा नापी किताव तयार गरेको देखिएकोले लागत अनुमान भन्दा वढी रकम फिटिङ्समा भुक्तानी भएको देखिन्छ । यसरी सामान्य इन्जिनियरिङ नर्म्स पनि पालना नगरी निर्माण कार्यको लागत अनुमान गर्ने प्राविधिक कर्मचारीलाई जिम्मेवार वनाउनु पर्दछ भने टोल विकास संस्थाले पेश गरेको विललाई आधार लिई नापी प्रविष्टि गरेको र सोही वमोजिम भुक्तानी गरेको रकम अनियमित देखिएको रु...

तस्विरमा निर्मित फायर हाइड्रेन्ट पोष्ट



| | |
|---|---|
| अनियमित भएको | ५,८३,६८३ |

७८ **अग्रिम कर**

आय कर ऐन, २०५८ को दफा ८९(३क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख भन्दा वढीको भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतका दरले हुने एकमुष्ठ करकट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले फाराक टोल विकास संस्थालाई सम्झौता वमोजिम बैंकर खानेपानी आयोजना तथा अग्नी नियन्त्रण प्रणाली समेतमा रु.३८,१८,२९४। र बैंकर RCC पुल निर्माण तथा झरना व्यवस्थापन रु.१२,००,०००। गरी जम्मा रु.५०,१८,२९४। भुक्तानी गरेकोमा सो रकमको एक दशमलव पाँच प्रतिशतले हुने रु.७५,२७४। कर कट्टि गरी भुक्तानी दिनुपर्नेमा रु.३४,८१५। मात्र कट्टि गरी भुक्तानी दिएको देखियो । यसरी उपभोक्ता समितिलाई भुक्तानी गर्दा कट्टि गर्न छुट भएको कर रु.४०,४५९। असूल गरी दाखिला गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,४५९ |

७९ **मुल्यअभिबृद्धि कर**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-७** को निर्णयले रू **४,०५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८० **कोशेली घरको सामान खरिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । मुसे महिला सामुदायिक भवनको लागि किचन सामान खरिद प्रवेशद्धार र कोशेली घर निर्माणको लागि रु.३५,३६,९५३।४४ को लागत अनुमान तयार गरेकोमा उपभोक्ता समितिको लागत सहभागिता कट्टा गरी पालिकाबाट रु.३२,००,०००। भुक्तानी हुने गरी दुधकोशी टोल विकास संस्थासंग सम्झौता भएको देखिन्छ । कोशेली घर निर्माणको लागि कार्पेट, र्याकजिन सोफा लगायतको सामानहरु पालिकाबाट नै खरिद गरी हस्तान्तरण गर्ने भनि निर्माण तर्फको मात्र रु.२६,३०,६६४।३६ लागत सहभागिता घटाई भुक्तानी दिएको छ । पालिकाले भौचर नः१६५ मिति २०८१।३।८ वाट फर्निचर र कार्पेट (ढुवानी समेत) रु.१,९३,७४७। वरावरको र भौचर नः१६८ मिति २०८१।३।९ वाट फर्निचर कुर्ची टेवुल लगायतको (ढुवानी समेत) रु.२,८०,१६९। गरी जम्मा रु.४,७३,९१६। भुक्तानी दिएको देखिन्छ । उक्त सामानहरु खरिद गरी कार्यालयमा मिति २०८१।३।६ मा दाखिला भएको देखिए तापनि सम्वन्धित मुसे महिला समुह (दुधकोशी टोल विकास संस्था) लाई हस्तान्तरण गरेको देखिएन । उक्त सामानहरु प्राकृतिक विपत्तिको कारण पालिकाको वडा नः १ कार्यालयसम्म मात्र आइपुगेको तर हस्तान्तरण हुन वाँकी रहेको कार्यालयको भनाई रहेको छ । उक्त सामग्रीहरु सम्वन्धित लाभग्राहीलाई हस्तान्तरण भएको प्रमाण पेश हुनुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७३,९१६ |

८१ **खरिखोला खानेपानी आयोजना** (२५६-२०८१-३-२१):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१३** को निर्णयले रू **३,६९७,५१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८२ **कार्यसम्पन्न प्रतिवेदन** (२२०-२०८१-३-१८):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनुपर्ने उल्लेख छ । पालिकाले लागत अनुमान रु.३०,१३,८४०।९३ भएको सुर्के गुम्वा रंगरोगन गर्ने कार्यको लागि ग्रिनतारा टोल विकास संस्थासंग मिति २०८०।२।१५ सम्म म्याद भएको सम्झौता गरेकोमा मिति २०८१।३।१८ मा रु.१४,३२,३६२।६२ भुक्तानी दिएको देखिन्छ । सम्झौता वमोजिमको थांका लगायतको सम्पूर्ण कार्य भएको नदेखिएको तथा कार्यसम्पन्न पनि तोकिएको समयमा नभएकोले सम्झौता वमोजिमको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

८३ **मेड्पा कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) अन्तर्गतका कार्यक्रम सञ्चालन गर्दा सञ्चालन निर्देशिका, २०७७ बमोजिमको प्रक्रिया अनुसार सञ्चालन गर्नुपर्दछ । पालिकाले उक्त कार्यक्रम अन्तर्गत प्राविधिक सीप विकास तालिम सञ्चालन गर्नका लागि निर्देशिकाको दफा २७ बमोजिम छोटो अवधिको (७ दिने) तालिम १५ जना, मध्यम अवधिको (१५ दिने) तालिम १५ जना र लामो अवधिको (२० दिने ) तालिम १० जना गरी ४० जनालाई सीपमूलक तालिम दिने भनि क्रमशः रु.१,५२,५५०।००, रु.२,१५,७५०।०० र रु.२,३१,५००।०० गरी जम्मा रु.५,९९,८००।०० को कार्यक्रम प्रस्ताव स्वीकृत गरेको देखिन्छ । तर उक्त सीपमूलक तालिम के के विषयमा दिने हो उल्लेख गरेको छैन । यसरी स्वीकृत भएको कार्यक्रम प्रस्ताव अनुसार कार्यक्रम सञ्चालन गर्न सहजकर्ता संगीता बराइलीलाई पेश्की उपलब्ध गराई कार्य जिम्मेवारी दिएकोमा ४८ जना सहभागीलाई एउटै कार्यक्रममा सहभागी गराई होमस्टे सम्वन्धी ८ दिने तालिम सञ्चालन गरी रु.२,४४,०१०।०० खर्च लेखेको छ । यससी ३ वटा छुट्टा-छुट्टै तालिम सञ्चालन गर्नेगरी कार्यक्रम प्रस्ताव स्वीकृत भएकोमा फरक ढङ्गले ठुलो सङ्ख्यामा सहभागी गराई तालिम सञ्चालन गर्दा तालिम प्रभावकारी नहुनुका साथै पारित प्रश्ताव अनुरुप सञ्चालन नगरी खर्च गर्ने कार्य नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,४४,०१० |

८४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका ५ वडा मध्ये वडा नम्बर १ मा कार्यक्रम सञ्चालन नगरी बाँकी ४ वडामा ५ योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई औसत १०० दिनले ६५०० दिन रोजगारी उपलव्ध गराई रु.६७६०००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

८५ **अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम**

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश र करुणा फाउण्डेशन नेपालबिच मिति २०७६।६।८ गते भएको संझौता अनुसार खुम्बु पासाङ्गल्हामु गाउँपालिका र करुणा फाउण्डेशन नेपालबिच अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमका लागि मिति २०८०।१०।१ गतेबाट कार्यक्रम सुरु गरी २०८३ पौष मसान्तसम्म संचालन गर्ने गरी २०८०।०९।२० मा एक सम्झौता भएको छ ।सम्झौता

अनुसार यस बर्ष प्रदेश सरकार, पालिका र करुणा फाउण्डेशनले क्रमश:रु.६०९९७७।–का दरले लगानी गरी रु.१८२९९३०।– तथा पालिकाको थप रु.२०००००।०० समेत रु.२०२९९३०।०० को २८ वटा कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोमा पास बुक र रजिष्टर छपाई, अपाङ्गता भएका ब्यक्तिहरुको परिचय पत्रमा पहुँच,नव दम्पत्तीलाई वितरण गरिने शुभकामना कार्ड छपाई,प्रोफाइल तथा पुनस्थापना तयारी,जन्मजात अपाङ्ग पहिचानका नवजात शिशुको जाँच तथा रेकर्ड, विद्यालय भर्ना कार्यक्रम,मिलिजुली समुहको लागि वचत,ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम,स्वास्थ्य उपचार सहयोग, अपाङ्गगता भएका बालबालिकाहरुलाई घरमा आधारित शिक्षा, र जन्मजात अपाङ्ग पहिचानका लागि नवजात शिशुको उपचार समेत १० वटा कार्यक्रम सञ्चालन भएको देखिएन ।बाँकी १८ कार्यक्रममा यसवर्ष रु.१३७४९५८।०० खर्च भएको देखियो । सम्झौता अनुसार खर्च भएको रकम प्रत्येक साझेदारी संस्थाले व्यहोर्नु पर्नेमा प्रदेश सरकारबाट निकासा नै प्राप्त भएको छैन । उक्त कोषमा यसवर्ष करुणा फाउण्डेशनबाट रु.९९००००।०० र पालिकाबाट रु.१००००००।०० समेत रु.१९९००००।०० रकम जम्मा गरी रु.१३७४९५८।०० भएको छ । तीन वर्षसम्म सञ्चालन हुने उक्त कार्यक्रममा सबै साझेदारले सम्झौता अनुसारको रकम कोषमा जम्मा गर्नुपर्ने हुँदा प्रदेश सरकारबाट यस बर्षको समेत थप रकम माग गरी हिसाब मिलान गर्नुपर्दछ ।

८६ **दैनिक भ्रमण भत्ता** (५-२०८१-१-२३):

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२९** को निर्णयले रू **८,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८७ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले लाभग्राहिको जन्म मिति विवरण, वैङ्क खाता नं. अद्यावधिक गरी एम.आइ. एस.मा पुर्ण रुपमा प्रविष्ट गरेको छ । गत वर्षको सामाजिक सुरक्षा खर्च रकम रु.४०३६२२२६.५२/- यस वर्षको प्रथम किस्ता रु. १००४३६३२/- दोश्रो किस्ता रु ९६८८९६७/ -.तेश्रो किस्ता EFT बाट रु ९७११४४७/- र चौथो किस्ता EFT वापत रु.१००८२०३६/- गरी जम्मा खर्च ३९५२६०८२/- सामाजिक सुरक्षा भत्ता वापत खर्च भएको देखिन्छ। यस वर्ष गत बर्ष भन्दा रु. ८३६१४४.५२/- कम खर्च भएको छ। लाभग्रहीहरुको संख्या कम भएको कारण पूर्ण अपाङ्गता भत्ता, अति अशक्त अपाङ्गता भत्ता लाभग्राहीको स्थलगत परिक्षाण गर्दा भत्ता प्राप्त लाभग्राहीहरुको संख्या कम देखिएको र अपाङ्गता कार्ड नविकरण नगरिएको हँदा भत्ता वितरण नगरिएको कारण गत बर्षको भन्दा कम खर्च भएको पालिकाको भनाई रहेको छ ।

गत आ.व. र यस आ.व. को लाभग्राहिको विवरण औषत तुलनाः

| सि. नं. | लक्षित समूह | आ. ब.२०७९।८० | आ.ब.२०८०।८१ | भत्ता दर |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य | ६२२ | ६४८ | ४००० |
| २ | जेष्ठ नागरिक दलित | १६ | १५ | २६६० |
| ३ | जेष्ठ नागरिक एकल महिला | १२२ | ९६ | २६६० |
| ४ | विधुवा महिला | १३४ | १४६ | २६६० |
| ५ | पुर्ण अपाङ्ग क बर्ग | ५३ | ४ | ३९९० |
| ६ | आंशिक अपाङ्ग ख बर्ग | ४५ | ३७ | २१२८ |
| ७ | दलित वालवालिका | ३१ | २९ | ५३२ |
| जम्मा संख्या | | १०२३ | ९७५ | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु , खुम्बु पासाङल्हामु गाउँपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन प्रसाद चापागाइ | २०७८-११-४ | २०८०-६-२४ |
| कार्यालय प्रमुख | जगत प्रसाद भुसाल | २०८०-९-२३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | चेतनाथ कटेल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,५४६,५०७ | १०,७७२,७१७ | ६,३६९,४९० | ० | ० | २,०५२,५०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २२,७४१,२१४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ७,७५१,९७५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १४,९८९,२३९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९४४४३०६३.८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १९११८५८३९.०६ | **चालु खर्च** | २२६३७९४०१.६८ |
| **प्रदेश सरकारबाट अनुदान** | १६२५९४७५ | **पूँजीगत खर्च** | २२९२७४८०७.७३ |
| **राजश्व बाँडफाँट** | २०६५७४३१६.४५ | **वित्तीय/अन्य व्यवस्था** | ४७६६०१६८.१२ |
| **आन्तरिक आय** | १४८८५२८६७.२४ | | |
| **अन्य आय** | ५४२७०२३२.४५ | | |
| **कुल आय** | ६१७१४२७३०.२ | **कुल खर्च** | ५०३३१४३७७.५३ |
| **बाँकी मौज्दात** | | २०८२७१४१६.४७ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

१. पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन देहाय वमोजिम रहेको छ ।

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,६०,२०,७०३.८६ | ०.०० | ७,६०,२०,७०३.८६ | ७,२५,०८,६१७.७० | ०.०० | ७,२५,०८,६१७.७० |
| १३००० | अनुदान | | २०,७४,४५,३१४.०६ | ०.०० | २०,७४,४५,३१४.०६ | २२,८९,९२,४१९.४२ | ०.०० | २२,८९,९२,४१९.४२ |
| १४००० | अन्य राजस्व | | २७,४८,५६,२६३.७४ | ०.०० | २७,४८,५६,२६३.७४ | १९,२०,७१,४४५.३१ | ०.०० | १९,२०,७१,४४५.३१ |
| १५००० | विविध प्राप्ति | | ४१,९१,७७२.०० | ०.०० | ४१,९१,७७२.०० | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | | ५६,२५,१४,०५३.६६ | | ५६,२५,१४,०५३.६६ | ४९,३५,७२,४८२.४३ | | ४९,३५,७२,४८२.४३ |
| ३ | चालु | | २२,६३,७९,४०१.६८ | ०.०० | २२,६३,७९,४०१.६८ | २६,२५,८९,९७४.८६ | ०.०० | २६,२५,८९,९७४.८६ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२,५३,९३,८९३.८२ | ०.०० | १२,५३,९३,८९३.८२ | ११,७४,२३,८८०.०६ | ०.०० | ११,७४,२३,८८०.०६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,७३,४४,६७३.०३ | ०.०० | ७,७३,४४,६७३.०३ | १२,८०,६५,३४७.०० | ०.०० | १२,८०,६५,३४७.०० |
| २५००० | सहायता (Subsidy) | | ६५,९१,८०६.०० | ०.०० | ६५,९१,८०६.०० | ६९,८१,०८५.०० | ०.०० | ६९,८१,०८५.०० |
| २६००० | अनुदान | | ०.०० | ०.०० | ०.०० | १५,७३,०००.०० | ०.०० | १५,७३,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | १,०७,४१,९५१.०० | ०.०० | १,०७,४१,९५१.०० | ४३,६१,६६०.८० | ०.०० | ४३,६१,६६०.८० |
| २८००० | अन्य खर्च | | ६३,०७,०७७.८३ | ०.०० | ६३,०७,०७७.८३ | ४१,८५,००२.०० | ०.०० | ४१,८५,००२.०० |
| ४ | पूंजीगत | | २२,९२,७४,८०७.७३ | ०.०० | २२,९२,७४,८०७.७३ | २३,६३,५३,९२३.६१ | ०.०० | २३,६३,५३,९२३.६१ |
| ३१११० | भवन तथा संरचना | | १,३३,११,५२२.२६ | ०.०० | १,३३,११,५२२.२६ | ६,४८,२६८.०० | ०.०० | ६,४८,२६८.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ९६,३७,६४३.८० | ०.०० | ९६,३७,६४३.८० | १,८६,१३,४५४.०० | ०.०० | १,८६,१३,४५४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३६,४३,६९८.०० | ०.०० | ३६,४३,६९८.०० | ९३,४७,८२३.०० | ०.०० | ९३,४७,८२३.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १९,९१,६३,९४६.६७ | ०.०० | १९,९१,६३,९४६.६७ | २०,६८,७३,३७८.६१ | ०.०० | २०,६८,७३,३७८.६१ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | ५,२१,०००.०० | ०.०० | ५,२१,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ३५,१७,९९७.०० | ०.०० | ३५,१७,९९७.०० | ३,५०,०००.०० | ०.०० | ३,५०,०००.०० |
| ५ | वित्तीय | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ४५,५६,५४,२०९.४१ | | ४५,५६,५४,२०९.४१ | ४९,८९,४३,८९८.४७ | | ४९,८९,४३,८९८.४७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग) | बचत /कमी (ग = क-ख ) | | १०,६८,५९,८४४.२५ | | १०,६८,५९,८४४.२५ | (५३,७१,४१६.०४) | | (५३,७१,४१६.०४) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ६२,२८,४११.४७ | | ६२,२८,४११.४७ | ८७,६५,४७१.५० | | ८७,६५,४७१.५० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | (८,८५०.००) | | (८,८५०.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ११,३०,८८,२५५.७२ | | ११,३०,८८,२५५.७२ | ३३,९४,०५५.४६ | | ३३,९४,०५५.४६ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ९,४४,३३,१९५.८० | | ९,४४,३३,१९५.८० | ९,१०,३९,१४०.३४ | | ९,१०,३९,१४०.३४ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २०,७५,२१,४५१.५२ | | २०,७५,२१,४५१.५२ | ९,४४,३३,१९५.८० | | ९,४४,३३,१९५.८० |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।